# बैदेशिक रोजगारी र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिर्वतन

## रुकुम जिल्ला चौरजहारी नगरपालिका वडा नं. १० खोलागाँउको एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र केन्द्रिय विंभाग अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिको लागि प्रस्तुत गरिएको

शोध पत्र


प्रस्तुतकर्ता : मेनका चन्द

रोल नम्बर : १६

सिम्बोल नम्बर : २८३२००

रजिष्ट्रेशन नम्बर : ९–२–३२२–२७१–२००९

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमान्डौ


२०७९

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रिय विंभाग

कीर्तिपुर,काठमान्डौ

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिक शास्त्र संकाय अर्न्तगत समाजशास्त्र विभागमा समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिको लागि मेनका चन्द द्धारा तयार पारिएको **बैदेशिक रोजगारी र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिर्वतन : (रुकुम जिल्ला चौरजहारी नगरपालिका वडा नं.१० खोलागाँउको एक समाजशास्त्रीय अध्ययन** ) शिर्षकको शोधपत्र मुल्यांङ्कनको लागि उपयुक्त भएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मुल्याङ्कन समिति**

.....................

**डा. युवराज लुइटेल**

**विभागीय प्रमुख**

......................

**डा. सुरेन्द्र मिश्र**

**शोध निर्देशक**

......................

**डा. टिकाराम गौतम**

**बाह्य परिक्षक**

**मिति २०७९ ।०४।०३**

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रिय विंभाग

कीर्तिपुर,काठमान्डौ

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिको लागि मेरो निर्देशन र सुपरिवेक्षणमा मेनका चन्दले **बैदेशिक रोजगारी र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिर्वतन : (रुकुम जिल्ला चौरजहारी नगरपालिका वडा नं.१० खोलागाँउको एक समाजशास्त्रीय अध्ययन** ) शिर्षकको शोधपत्र तयार पार्नुभएको हो । म उँहाको शोधपत्रप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई अन्तिम मुल्यांङ्कनको लागि सिफारिस गर्दछु

.................

डा.सुरेन्द्र मिश्र

शोधनिर्देशक

समाजशास्त्र केन्द्रिय विभाग

कीर्तिपुर, काठमान्डौ

मिति २०७९ ।०४।०३

# कृतज्ञताज्ञापन

शोधपत्र लेखन कार्य आफैमा कठिन कार्य हो । कसैको निर्देशन तथा समुचित मार्गदर्शन बिना यो काम प्राय असंम्भव नै हुन्छ । त्रिभुवन विश्वविद्यालय सामाजिक शास्त्र संकाय अर्न्तगत स्नातकोत्तरको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको शोधपत्र मैले आदरणीय गुरु डा सुरेन्द्र मिश्र ज्यू को कुशल निर्देशनमा तयार पारेकी हु । यो शोधपत्र तयार पार्ने सन्दर्भमा आईपरेका विभिन्न अप्ठयाराहरुसँग जुध्ने प्रेरणा दिदै सहि पथ पर्दशन गराएर अघि बढन उत्प्रेरित गरी आफना कतिपय व्यवहारिक कार्यहरु पन्छाएर कुशल र समुचित मार्ग निर्देशन गर्नुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एंव श्रद्धा व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफनो अमुल्य समय दिएर उचित सल्लाह र सुझाव दिई उत्प्रेरित गर्नुहुने समाजशास्त्र विभागका विभागीय प्रमुख तथा सम्पुर्ण गुरुवर्गमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

यसैगरी शोध लेखनमा प्रेरणा र सुझाव दिनुका साथै आवश्यक सामाग्री जुटाउन हर पक्षबाट सहयोग गर्ने चौरजहारी नगरपालिका सुचना अधिकृत प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्नुको साथै शोध लेखनमा प्रत्यक्ष वा परोक्ष सहयोग गर्नुहुने सम्पर्ण व्यक्तित्व प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा मेरो सानो मेहनतले तयार पारेको यो शोधपत्रको उचित मूल्याङ्कन उचित तरिकाले हुनेछ र यसमा मैले सफलता प्राप्त गर्ने छु भन्ने विश्वास लिएकी छु ।

मेनका चन्द

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमान्डौ

मिति : २०७९ ।०४।०३

# बिषय सुची


पृष्ठ :

**अध्याय एक : परिचय** **१-१०**

१.१ अध्ययनको पृष्ठभुमि १

१.२ समस्याको कथन ७

१.३ अध्ययनको उदेश्य ९

१.४ अध्ययनको औचित्य तथा महत्व ९

१.५ अध्ययनको संगठन १०

**अध्याय दुई : सान्दर्भिक साहित्यको पुनरावलोकन** **११-२१**

२.१ पुर्व साहित्यको समिक्षा ११

२.२ बैदेशिक रोजगार सम्बन्धि बिधमान ऐन तथा नीति नियम १७

२.३ बैदेशिक रोजगारलाई सैदान्तिक दृष्टिकोणबाट हेर्दा १९

**अध्याय तिन : अनुसन्धान विधि** **२२-२६**

३.१ अध्ययन क्षेत्रको छनोट २२

३.२ अनुसन्धान ढाँचा २४

३.३ अनुसन्धानको प्रकृति र स्रोत २४

३.४ अध्ययनको समग्रता र नमुना छनोट २४

३.५ तथ्यांक संकलन विधि २५

३.५.१ घरधुरी सर्वेक्षण प्रश्नावली २५

३.६ तथ्यांक विश्लेषण तथा प्रस्तुतिकरण २५

३.७ अध्ययनको सिमा २६

**अध्याय चार : अध्ययन क्षेत्रका उतरदाताहरुको सामाजिक तथा जनसांङिख्किय बिशेषताहरु** **२७-३२**

४.१ अध्ययन क्षेत्र चौरजहारी नगरपालिका वडा न १० खोलागाँउ २७

४.२ उमेरगत विवरण २८

४.३ जातीगत विवरण २८

४.४ वैदेशिक रोजगारमा जानुपर्ने कारण ३०

**अध्याय पाँच : वैदेशिक रोजगार र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिर्वतन** **३३-४९**

५.१ वैदेशिक रोजगारको इतिहास ३३

५.२ वैदेशिक रोजगारले समाजमा पारेको परिवर्तन सम्बन्धी विश्लेषण ३४

५.३ आर्थिक परिवर्तन ३५

५.४ आम्दानी ३५

५.५ घरको बनावट ३७

५.६ पूर्व पेशा ३८

५.६.१ हालको पेशा ३९

५.७ बैदेशिक रोजगारमा संलग्नहरुको सामाजिक अवस्थामा आएको परिर्वतन ४०

५.७.१ पारिवारिक संरचना ४१

५.७.२ शिक्षा ४२

५.७.३ स्वास्थ्य ४४

५.७.४ वैदेशिक रोजगारबाट आर्जन गरेको रकमको उपयोग ४५

५.८ वैदेशिक रोजगारप्रतिको आर्कषण ४७

५.९ वैदेशिक रोजगारको सम्बन्धमा समाजले मुल्याङ्कन गरेको धारणा ४८

**अध्याय ६: अध्ययनको सांराश र निष्कर्ष** **५०-५७**

६.१ अध्ययनको सांराश ५०

६.२ अध्ययनको निष्कर्ष ५३

**सन्दर्भग्रन्थसूची** **५६-५७**

**अनुसूची** **५८-६५**

# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

विश्वको कुनै एक मुलुकमा रहेको बेरोजगार श्रम शक्ति विश्वको अर्को मुलुकमा कामको सिलसिलामा जाने गर्दछन । यसरी वैदेशिक रोजगारी सृजना हुन्छ । यसरी एक मुलुकको श्रम बजार अर्का मुलुकको श्रम बजारमा व्यवस्थित रुपमा गई रोजगारी गर्नेलाई बैदेशिक रोजगारी भनिन्छ । (वैदेशिक रोजगार विभाग ऐन, २०६४) तसर्थ आफनो देशको सिमा पार गरी अन्य मुलुकमा आयआर्जनको काम गर्नुलाई नै वैदेशिक रोजगार भनिन्छ ।

वैदेशिक रोजगार शब्दले हाल आएर समाजमा व्यापकता पाउदै गएको र प्रत्यक्ष रुपमा अर्थतन्त्रको विस्तारमा ठुलो भुमिका खेलेको छ । वैदेशिक रोजगारले नेपाली समाजमा लोकप्रियता लिदै आईरहेको छ । हाल वृद्धि भईरहेको विश्वव्यापीकरण र खुल्ला आर्थिक अर्थ व्यवस्थामा श्रमको आदानप्रदान र सर्वसुलभ सस्तो श्रमको आयात तथा निर्यातबाट विकास भएको यो शव्द कुनै देशको सिमा नाघेर अर्को देशमा जानु र श्रमको मुल्य लिनु नै बैदेशिक रोजगार हो । सामान्यतया श्रमको अन्य देशमा हुने खपत व्यवस्थालाई बैदेशिक रोजगार भनिन्छ ।(वैदेशिक रोजगार ऐन,२०७४)

शाब्दिक अर्थमा बैदेशिक रोजगार भन्नाले आफनो देशको भौगोलिक वा राजनितिक सिमा पार गरि अन्य मुलुकमा आयआर्जनको काम गर्नुलाई बैदेशिक रोजगारको रुपमा बुझिन्छ । श्रम बजारमा श्रम शक्ति अर्का देशको श्रम बजारमा व्यवस्थित रुपमा गई रोजगार गर्नु लाई बैदेशिक रोजगार भनिन्छ । र विश्व श्रम बजारमा रहेका श्रमशक्तिको व्यवस्थित निर्यात गर्ने कार्यलाई बैदेशिक रोजगार व्यवसाय भनिन्छ । (पण्डित, २०५६:१)

नेपाली बृहत शब्दकोषका अनुसार रोजगार भन्नाले काम, इलम, पेशा, व्यवसाय भन्ने बुझिन्छ । अन्तराष्ट्रिय श्रम संगठनले सन १९८३ मा रोजगारको अन्तराष्ट्रिय परिभाषा तयार पारेको छ । जसअनुसार काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिसहरु जुनसुकै निश्चित समयमा काम गर्दछन भने त्यसलाई रोजगारी भन्दछन जसमा नगद वा जिन्सी ज्याला वा तलब लिएर काम गर्नुलाई रोजगारी भनिन्छ ां (ज्ञवाली २०५७)

यसरी वैदेशिक रोजगारी आयआर्जनका लागी आफनो देश भन्दा बाहिर गएर शारीरिक वा मानसिक श्रम गर्नु नै वैदेशिक रोजगारी हो ।

**बैदेशिक रोजगार विभाग ऐन** (२०६४) का अनुसार बैदेशिक रोजगार भन्नाले कामदारले बिदेशमा पाउने रोजगार सम्झनुपर्छ । कामदार भन्नाले बैदेशिक रोजगार पाउने नेपाली कामदार सम्झनुपर्छ । यसर्थ अर्का देशमा गएर ज्याला लगेर काम गर्नु लाई नै बैदेशिक रोजगार भनिन्छ । धेरैजसो नेपालीहरु बैदेशिक रोजगारमा जाने भनेको खाडी मुलुकमा नै हो त्यसबाहेक पूर्वि मुलुक, युरोप, अमेरिकामा पनि नेपालीहरु श्रम गर्न गएको पाईन्छ । आफनो आर्थिक पहुँच अनुसार कुन देशमा श्रमको लागि जाने भन्ने कुराको निर्धारण हुन्छ । त्यसैले एकदमै गरिबहरु श्रमको लागि भारत जाने गर्दछन । निम्न र मध्ययम बर्गका परिवारहरु प्रायजसो खाडी मुलुक र मलेशिया जाने गरेका छन । उच्च र मध्यम वर्गका पूर्बी एसियाका देशहरु जापान र दक्षिण कोरिया जाने गरेका छन भने उच्च वा धनि वर्गका मानिसहरु युरोप अमेरिका जस्ता देशहरुमा जाने गरेका छन । त्यसैले बैदेशिक रोजगारको लागी छनोट गर्ने देशहरुमा पनि उनीहरुको सामाजिक वर्ग अनुसार फरक देखिन्छ । (भटराई,२००५) यसरी बैदेशिक रोजगारमा फरक फरक देशमा जतीसुकै आम्दानी भएतापनि बैदेशिक रोजगारको प्रमुख लक्ष्य उदेश्य भनेको आफनो सामाजिक, आर्थिक हैसियत माथी उठाउनु नै हो ।

**श्रम ऐन २०७४ मा रोजगारीका ५ प्रकार उल्लेख गरिएको छ** ।

**कार्यगत रोजगारी** : रोजगार दाताले कुनै खास काम वा सेवा किटान गरि सो सम्पन्न गर्न तोकेर दिने वा दिईएको रोजगारीलाई सम्झनु पर्छ ।

**समयगत रोजगारी** : रोजगारदाताले श्रमिकलाई निश्चित समययावधी तोकि सो अवधि भित्र कुनै सेवा प्रदान वा काम सम्पन्न गर्न दिइएको रोजगारी सम्झनुपर्दछ ।

**आकस्मिक रोजगारी** : रोजगारदाताले एक महिनाको अवधिमा सातदिन वा सो भन्दा कम अवधिको लागी कुनै सेवा प्रदान गर्न वा काम सम्पन्न गर्न दिइएको रोजगारी सम्झनु पर्दछ ।

**आशिंक रोजगारी** : हप्ताको ३५ घण्टा वा सो भन्दा कम समयमा काम सम्पन्न गर्न दिईएको रोजगारी ।

**नियमित रोजगारी** : माथि उल्लेखित बाहेक सबै रोजगारी नियमित रोजगारी भित्र पर्दछन ।

मानिसले आफनो आधारभुत आवश्कता परिपुर्ति गर्नको लागी स्वरोजगार वा रोजगार गनैपर्न हुन्छ । नेपालको संविधान, २०७२ ले पनि रोजगारलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । विकासशिल  राष्ट्को सुचीमा पर्ने नेपाल शिक्षा, स्वास्थ, गरिबी जस्ता समस्या बाट पिछडिएको छ । देशमा विकास हुन सकेको छैन । नेपाल लाई कृषि प्रधान देश भनेर चिनिएता

पनि कृषि क्षेत्रको उचित विकास हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर बहुसंख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभुत आवश्यकता परिपुर्तिको लागी भौतारिनु पर्न अवस्था रहेको छ । ( के.सी. २०६६)

जनसंख्या वृद्धिको अनुपातमा प्रतिवर्ष अनुमानित ५ लाखको दरले श्रम बजारमा आउने श्रम शक्तिको लागी पर्याप्त उत्पादनशिल तथा आयमुलक रोजगारका अवसरहरुको सिर्जना गर्ने चुनौती आज राष्ट्का सामु विद्यमान छ । विकासका राम्रा संम्भावना हुँदाहुदै पनि विगतमा मुलुकको आर्थिक सामाजिक विकासको गति ज्यादै मन्द रहयो फलतः मुलुकमा रोजगार बजार अपेक्षित रुपमा विस्तार हुन सकेन तुलनात्मक श्रम लागतको सिदान्त अनुसार विकसित मुलुकहरुमा विकासोन्मुख तथा कम विकसित मुलुकहरुको श्रम आप्रवासन हुने प्रवृति रहेकाले नेपालीहरुका लागी पनि वैदेशिक रोजगारका अवसरहरु खुल्न गएका छन । विगत केही वर्ष देखि वैदेशिक रोजगारका लागी नयाँ-नयाँ गन्तव्य मुलुकहरु देखापरेका छन र यसबाट बेरोजगार समस्या न्युनिकरण गर्ने एउटा आर्कषक विकल्पको रुपमा वैदेशिक रोजगार देखापरेको छ ।

नेपालको कुल जनसंख्याको करिब २० प्रतिशत मानिसहरु घरपरिवारबाट बाहिर बसोबास गर्दछन । करिब ५३ प्रतिशत घरपरिवारको कम्तिमा एक जना सदस्य अनुपस्थित रहेको पाईन्छ। जसमध्ये २८ प्रतिशत घरपरिवारको कम्तिमा एक जना सदस्य खाडि मुलुक विदेशमा रहेका छन नेपालमा ५६ प्रतिशत घरपरिवारले विप्रेषण रकम प्राप्त गरेका छन । यसैगरि घरपरिवारले प्राप्त गर्न विप्रेषण रु ८०४३६ पुगेको छ । जसमा देश वाहिरबाट प्राप्त हुने विप्रेषणको अंश ८० प्रतिशत रहेको छ। विप्रेषण प्राप्त गर्न घर परिवारको कुल आम्दानीमा यसको अंश ३१ प्रतिशत देखिन्छ। विगत १५ बर्षको अन्तरालमा प्रतिव्यक्ति विप्रेषण प्राप्त रु ६२५ बाट करिब १५ गुणा ले वृद्धि भई ९२४५ पुगेको छ।

रोजगार, आर्थिक अवसर, गरिबि निवारण, विप्रेषण र राष्ट्रिय अर्थतन्त्रमा पुयाएको योगदानका दृष्टिले बैदेशिक रोजगार ज्यादै महत्वपुर्ण क्षेत्रको रुपमा रहेको छ । प्रतिबर्ष श्रम बजारमा प्रवेश गर्न तीन चौथाई युवाहरु बैदेशिक रोजगारमा जाने गरेका छन । उच्च प्रतिभायुक्त र दक्ष जनशक्तिहरु समेत प्रतिस्पर्धात्मक क्षमता अनुसार अवसरको खोजिको क्रममा क्षमता विकास र सुविधायुक्त जिवनयापनको सम्भावनालाई दृष्टिगत गरी बैदेशिक रोजगारमा आर्कर्षित हुन थालेका छन । नेपालको जनगणना २०७८ अनुसार कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० (२९१९२४८०) मध्ये विदेशमा रहेको जनसख्या २१ लाख ६९

हजार ४ सय ७८ (२१६९४७८) देखिएको छ। जसमध्ये पुरुष १६६३२३७ (८६.७ प्रतिशत ) र महिला २५४६६५ (१३.३ प्रतिशत) रहेको छ। भौगोलिक क्षेत्रअनुसार जनसंख्याको करिब ७.२० प्रतिशत जनसंख्या रोजगार तथा अन्य कारणबाट मुलुक बाहिर रहेको प्रष्ट भएको छ। र यसको अंधिकांश हिस्सा बैदेशिक रोजगारको मुख्य गन्तव्य मुलुकहरुमा दुबई, मलेशिया, कतार, साउदी अरब, संयुक्त अरब इमिरेटस, कुबेत, बहराईन, ओमन र दक्षिण कोरियामा रहेका छन। महिलाहरुको बैदेशिक रोजगारीमा बढदो आर्कषण र संलग्नता छुटटै चासोको विषय भएको छ। विश्वव्यापीकरण, लोकतान्त्रिक शासन प्रणालीको अवलम्बन तथा शिक्षा र चेतनास्तरको अभिवृद्धिका कारण नेपाली महिला हरु समेत उल्लेख्य रुपमा बैदेशिक रोजगारमा संलग्न हुने क्रम बढदो छ। बैदेशिक रोजगारको यो अवस्थाले पक्कै पनि हाम्रो समाज परिवर्तनको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गरेको छ। एम. पि.जोनास्कका अनुसार परिवर्तन भनेको मानिसको सोचाई र कार्यप्रणाली मा परिवर्तन आउनु हो। यसरी कुनैपनि समाजको संरचना ढाँचा आदि कुरामा परिर्वतन ल्याउन विभिन्न तत्वहरुले भुमिका खेलेको हुन्छ जस्तो आर्थिक तत्व राजनैतिक तत्व, प्राविधिक तत्व इत्यादि। हाम्रो समाजमा पनि बैदेशिक रोजगारले समाज परिवर्तनका तत्वहरुको अवस्थामा परिवर्तन ल्याउन सहयोग गरेको छ। जसले समाज परिर्वतनको प्रतिविम्व दिन्छ। बैदेशिक रोजगारको ३० बर्षको इतिहासमा नेपालको कृषिमा आधारित आर्थिक प्रणाली रेमिटान्समा आधारित भईसकेको छ। ( भटराई,२००५) बैदेशिक रोजगारमा गएको परिवारमा रेमिटान्स भित्रिएको छ। बैदेशिक रोजगारी मार्फत नेपालका ५६ प्रतिशत परिवारले बिप्रेषण आय प्राप्त गरिराखेका छन। ( बैदेशिक रोजगार विभाग, २०७२/७३ रिपोर्ट ) जसले आफना बालबच्चा लाई गुणस्तरिय स्वास्थ्य शिक्षा दिन सम्भव भएको छ। बिदेशमा गएकाहरुले प्राविधिक ज्ञानका साथै बस्तुहरु भित्राएका छन। बैदेशिक श्रम उकालो लागेपछी नेपाली समाजमा प्रजननदर ओरालो लागेको छ। एकदशक अघी सम्म ४.१ रहेको उक्त दर अहिले २.१ मा आइपुगेको छ। श्रीमान श्रीमती भिन्दा भिन्दै बस्नुपर्ने भएकोले प्रजननदर घटेको देखिन्छ। (नारायण २०७१ ) यसले जनसंख्यामा परिवर्तन ल्याउदछ र जनसंख्या परिवर्तनले समाज परिवर्तनमा भुमिका खेल्दछ। तर कोही व्यक्ति भने बैदेशिक रोजगारमा जाँदा बैदेशिक रोजगारमा पठाँउने दलालहरुबाट ठगिदा घरबास उठिबास भएको घटनाहरु पनी प्रशस्त सुन्नमा आँउछ।

बैदेशिक रोजगारका कारण गाँउका मानिसहरुको सामाजिक हैसियतमा परिर्वतन आएको छ। सानो जातका गरिव दुखीहरुले पनि बैदेशिक रोजगारबाट प्राप्त रकमले घर जग्गा किनेका

छन । जसको फलस्वरुप धनि र ठुला जातका, मानिसहरुले गरिब हरुलाई गर्ने व्यवहारमा परिर्वतन आएको छ । किनकी अहिले तल्लो जातका मानिसहरु पनि बैदेशिक रोजगारबाट जग्गा जमिन जोडेका छन । र उनिहरुको साथमा नगद पैसा छ । बैदेशिक रोजगारमा गएका मानिसहरु राजनितीक रुपमा पनि सचेत देखिन्छन भने बैदेशिक रोजगारका कारण समाजमा केहि नकारात्मक असरहरु पनि देखिन्छन जस्तो मानिसहरु बढी बनावटीपन र देखावटि कुराको पछी लाग्नु, बिदेशबाट विभिन्न सरुवा रोग ल्याएर आफनो श्रीमतीहरुलाई सार्ने गरेका छन । त्यस्तै बैदेशिक रोजगारबाट फर्केपछी वा अवकास लिएपछी गाँउमा साथी भाई जम्मा हुने जाँड रक्सी खाने जस्ता क्रियाकलापमा समय विताएको देखिन्छ । यसले परिवार तथा समाजमा नराम्रो असर परेको छ । कोही बिदेशमा गएर लामो समय सम्म घर नफर्कने, कोहि फर्कदै नफर्कने पनि छन जसले परिवारमा चिन्ता तथा कोहि श्रीमतीहरु दोस्रो बिहे गर्न जस्ता समस्याहरु देखिन्छन । अर्को समस्या भनेको धेरैजसो युवा युवतीहरुले पढने छोराछोरी पढाँउने साथै रोजगारको लागी सहर केन्द्रित छन । जसले गर्दा बुढाबुढी, बुवा, आमाहरु मात्र घरमा एक्लै भएका छन उनिहरुको रेखदेख गर्न मानिसको अभाव भएको छ । (गौतम २००५) वास्तवमा भन्नुपर्दा बैदेशिक रोजगारले समाजमा सकारात्मक र नकारात्मक दुवै असर परेको छ । जसले गर्दा सामाजिक परिवर्तनमा ठुलो सहयोग गरेको छ । त्यसैले यस अध्ययनमा बैदेशिक रोजगारले समाजमा के कस्तो परिवर्तन निम्त्याएको छ सो अध्ययन गर्न खोजिएको छ ।

विश्व अर्थतन्त्रमा बैदेशिक रोजगारीको महत्वपुर्ण स्थान छ । यातायात संचार क्षेत्रमा भएको अभुत पुर्व विकास सँगै विश्व श्रम बजारमा मानिसहरुको पँहुच सहज भएको छ । तथापी बैदेशिक रोजगारीमा जान लाग्ने खर्च बढी भएको, सुचनामा पहुँच कम रहेको र उपयुक्त सिपको अभाब रहेको जस्ता कारणले अझ पनि गरिब परिवारका सदस्यको बैदेशिक रोजगारमा सहज पँहुच पुग्न सकेको छैन ।

सन १९८० को दशक देखि लागु भएको आर्थिक उदारिकरण तथा विश्वव्यापिकरणले बैदेशिक रोजगारलाई थप सहज बनाएको छ । विश्वका विभिन्न मुलुकहरुमा रहेका आकर्षण तथा विकर्षण तत्वहरुले विश्व श्रम बजारलाई गतिशिलता प्रदान गरेको छ । रोजगारी का अवसर तथा तलब, भत्ता श्रम अवसर तथा सेवा सुविधाहरुमा भिन्नता हुने भएकोले श्रमिकहरु कम अवसर तथा सेवा सुविधा हुने मुलुकहरुबाट कामको पर्याप्त अवसर भएका र तलब सुविधा राम्रो भएका मुलुकहरुमा जाने गर्दछन जसलाई अर्थशास्त्रीहरु स्थानगत प्रिमीयम भन्ने

गर्दछन । श्रम रोजगारी बाट सन २०१७ मा विश्वभर ६१३ अर्ब अमेरिकी डलर विप्रेषणको रुपमा प्रवाहित भएको थियो । विप्रेषणको वितरण सम्बन्धी विश्लेश्ण गर्दा सबभन्दा गरिब २० प्रतिशत परिवार मध्ये ४८ प्तिशत र सबभन्दा धनि २० प्रतिशत परिवार मध्ये ७५ प्रतिशतले विप्रेषण प्राप्त गर्न गरेको पाईन्छ ।

विश्वमा आर्थिक उदारिकरण पुर्व सीमित नेपालीहरु मात्र बैदेशिक रोजगारीमा जाने गरेकोमा आर्थिक उदारिकरण पश्चात यो प्रवृति बढेको छ । हाल संस्थागत रुपमा नेपालले बैदेशिक रोजगारीका लागी ११० देशहरु खुल्ला गरेको छ। तर कतार, युयई, जापान, कोरिया, बहराईन, इजराईल, जोर्डन र मलेशिया गरी जम्मा ८ देशसँग मात्र दिपक्षीय सम्झौता एंव सम्झदारी गरिएको छ। आर्थिक बर्ष २०७४/७५ मा ३ लाख ५४ हजार ८२ नेपाली श्रमिकहरुले बैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिई बैदेशिक रोजगारीको लागी विदेशिने गरेका छन । बैदेशिक रोजगारबाट सामान्यतया २ देखी ३ वर्षमा स्वदेश फर्कने भए तापनि फर्किएका श्रमिकको अद्यावधिक अभिलेख उपलब्ध नभएकोले हाल बिदेशमा कार्यरक्त नेपालीहरुको संख्या यकिन गर्न कठिन भएको छ । तथापी बैदेशिक रोजगारीका उद्देश्यले विदेशमा कार्यरत नेपालीहरुको संख्या करिब ५० लाख जति रहेको अनुमान गरिएको छ । (राई,२०७३)

विप्रेषण नेपालमा प्राप्त हुने विदेशि मुद्राको एक प्रमुख स्रोत हो । नेपालमा विप्रेषणबाट प्राप्त विदेशि मुद्रा अन्तराष्ट्रिय दातृ निकाय तथा मित्र राष्ट्रहरुले प्रदान गर्न अनुदान तथा प्रत्यक्ष बैदेशिक लगानीको  रकम भन्दा पनि बढी छ। विश्व बैकंको सन २०१५ को तथ्यांक अनुसार नेपालले प्राप्त गरेको विकास सहायता कुल गाह्र्स्थ उत्पादनको ५.६१ प्रतिशत तथा प्रत्यक्ष बैदेशिक लगानी ०.२४ प्रतिशत मात्र रहेको छ। नेपाल राष्ट्र बैकंको तथ्यांक अनुसार आर्थिक बर्ष २०७४/७५ मा नेपालमा रु ७५५ अर्ब बिप्रेषण प्राप्त भएको छ जुन कुल गाह्र्स्थ उत्पादन सँगको अनुपात २५.१ प्रतिशत हो । यसमा भारत बाहेक अन्य मुलुकहरुबाट अनौपचारिक माध्यमबाट भित्रिने विप्रेषण र विदेशबाट फर्किदा आफनो साथमा ल्याएको नगद विदेशि मुद्रा समावेश छैन। यसरी विप्रेषणले उपभोग्य प्रवृतिमा वृद्धी ल्याउदछ। परिणामतः आयातमा वृद्धी हुन जान्छ यसले राजस्व संकलनमा समेत सकारात्मक असर  पार्दछ। बैदेशिक श्रम बजारमा उपलब्ध रोजगारीका अवसरले गर्दा मुलुकको गरिबी घटाउन समेत ठुलो सहयोग पुग्दछ । नेपालमा लामो समय सम्म शसस्त्र दन्द्ध तथा राजनितिक अस्थिरता भएको अवस्थामा पनि गरिबिको मात्रा कम हुदै जानुमा विप्रेषणको भुमिका महत्वपूर्ण छ । विभिन्न अध्ययनहरुले देखाए अनुसार सन १९९५ देखि २००४ सम्ममा नेपालको गरिबी घटाउनमा विप्रेषणको

योगदान २० प्रतिशत रहेको अनुमान थियो बैदेशिक रोजगारीमा गएका कामदारहरुले पठाउने विप्रेषण आयमा क्रमिक वृद्धि भई हाल विप्रेषण रकम नेपाली परिवारको आम्दानिको एक प्रमुख स्रोतको रुपमा  स्थापित भएको छ । नेपाल जस्तै विश्वका अन्य देशहरुमा पनि बैदेशिक रोजगारी तथा विप्रेषण बाट गरिबी घटाउनमा सहयोग पुगेको पाईन्छ । ल्याटिन अमेरिका, अफ्रिका, एशिया लगायत सबै विकासशिल महादेशहरुमा बैदेशिक रोजगारी तथा विप्रेषणले सकारात्मक प्रभाब पारेको छ । बालश्रममा कमी शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गरिने खर्चमा वृद्धि, जिवनस्तरमा भएको सुधार आदिलाई बैदेशिक रोजगारी तथा विप्रेषणको सकारात्मक योगदानको रुपमा लिन सकिन्छ ।

उपरोक्त फाईदाहरु हुदाहुदै पनि बैदेशिक रोजगारीका नकारात्मक पक्षलाई नजरअन्दाज गर्न सकिदैन । विप्रेषणले खर्चयोग्य आम्दानीमा वृद्धि गर्दछ । यसले गर्दा विप्रेषण प्राप्त गर्न परिवारका सदस्यहरुमा पुर्ववत मेहनत गर्न बानिमा कमी आउनुको साथै काम गर्नुपर्न बाध्यता पनि नहुँदा देशको कुल श्रम आपूर्तिमा ह्रास आउने सम्भावना रहन्छ । परिणामस्वरुप ज्यालामा वृद्धि हुने मुलुकको उर्वरा भुमि बाझो भुमिमा परिणत हुने, आयात र उपभोगमा वृद्धि हुने स्वदेशि उत्पादनमा ह्रास आउने लगायतको समस्या देखापर्दछन । विप्रेषणको कारण डच डिजिजको लक्षण पनि देखापरेको छ । जसले गर्दा बैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले वास्तविक अर्थमा विदेशि विनिमयको अधिमुल्यन र स्वदेशि मुद्राको अवमूल्यन भई निकासीको प्रतिर्स्पधात्मक क्षमतामा ह्रास आँउछ । यो एक नितिगत चुनौति पनि हो । यी नकारात्मक प्रभावबाट बच्न देशमा लगानिको वातावरण र रोजगारीको अवसर सृजना गर्न जरुरी छ ।

## १.२ समस्याको कथन

नेपालमा जनसंख्या वृद्धि र औद्योगिकरणको कमिले देशभित्रको जनशक्ति त्यसै खेर गईरहेको छ । देशभित्रका अत्यधिक जनशक्ति कृषिमा भर परेका र अन्य रोजगारीको वैकल्पिक उपायहरु कम भएको अवस्थाले पनि बैदेशिक रोजगार एक महत्वपूर्ण विकल्पको रुपमा देखा परेको छ । कृषि क्षेत्रको विकास नेपालको मेरुदण्ड भएतापनि उचित र बैज्ञानिक रुपले विकास हुन नसकी कृषि उत्पादनमा ह्रास आई आधारभुत आवश्यकता परिपूर्ति गर्नमा नै नेपालीहरुलाई धौ-धौ परिरहेको अवस्था छ । त्यसैगरी १० बर्ष जनयुद्धका कारण लथालिङ्ग भएको नेपालको विकासका पूर्वाधारहरु हाल सम्म पनि राजनैतिक स्थिरता कायम नभएर देश विकासका क्रियाकलापहरु सुचारु रुपले सञ्चालन हुन सकिरहेको छैनन ।

वर्तमान समयमा हेर्दा यहाँ रोजगारी, अर्धरोजगारी र बेरोजगारी गरी ३ खालको श्रम शक्तिहरु देख्न सकिन्छ। रोजगार वर्गमा पनि आफना आधारभुत आवश्यकता परिपुर्ति गर्न हाल शिक्षामा आएको प्रतिर्स्पधाका कारण आफना बालबच्चालाई राम्रा तथा प्राईभेट स्कुलमा पढाउने चलनमा वृद्धी भईरहेको छ । तसर्थ ती रोजगार बर्गलाई पनि आफनो घरायसी आवश्यकता परिपूर्ति गर्न धौ-धौ परिरहेको छ। र आफनो पारिवारिक जिवन सुखमय पार्न सकिन्छकी भनि बैदेशिक रोजगारमा गएका छन । त्यस्तै अर्ध बेरोजगारी वर्गमा पनि आफना आधारभुत आवश्यकताहरु परिपूर्तिमा समस्या परिरहेको छ । त्यसकारण ती आधारभुत आवश्यकता परिपूर्ति सहज र सरल हुनुको साथै केहि कमाई बचत गर्न सकिन्छ भनि बैदेशिक रोजगारमा संलग्न भएका छन । अर्का थरी बेरोजगार बर्गमा दक्ष तथा अदक्ष दुबै खालका जनशक्ति पर्दछन। यी जनशक्तिहरुमा पनि स्वदेशमा आफनो योग्यता क्षमता अनुसारको रोजगार नपाएर पढाई बिच्चैमा छाडेका आर्थिक अवस्था कमजोर भएका साथीभाई विदेशिएको देखेर, घरपरिवारको सल्लाह आदि कारण पनि बैदेशिक रोजगारमा जान बाध्य भएको देखिन्छ।

नेपालबाट हरेक दिन नेपालि श्रमिकहरु १५०० को हाराहारीमा बैदेशिक रोजगारको लागी बाहिरिने गर्दछन ।  यसरी दिनानुदिन बैदेशिक रोजगारको लागी युवाहरु बाहिरिदा ग्रामिण ईलाकामा युवाहरुको अभाव देखिन्छ । युवाहरु विदेशिन थालेपछी गाँउहरुमा बालक वृद्ध र महिलाहरु मात्र भेटिन थालेका छन । यसले गर्दा कतिपय ग्रामिण स्तरमा गर्नुपर्न कामहरुमा समेत समस्या उत्पन्न हुन थालेका छन । वृद्धवृद्धा हरुको उचित रेखदेखमा समस्या परेको छ भने लामो समय सम्म श्रीमान विदेशमा बस्दा श्रीमतीहरु श्रीमानले कमाएको पैसा लिएर अर्कै सँग बिहे गर्न वा श्रीमान श्रीमती बिच असमझदारी उत्पन्न भै सम्बन्ध विच्छेद हुने जस्ता सामाजिक घटनाहरुले गर्दा यो आफैमा अध्ययनको विषय भएको छ । वैदेशिक रोजगारले आधारभुत आवश्यकताको परिपूर्तिदेखी आफना बालबच्चा लाई गुणस्तरिय स्वास्थ शिक्षा उपलब्ध गराउन सहयोग गरेको छ । बैदेशिक रोजगारको लागी युवाहरु बहिरिदा ग्रामिण इलाकाहरुमा स्थानीय विकास निमार्ण, सामाजिक र सांस्कृतिक कार्यक्रमको लागी समेत युवाहरुको अभाव खर्सकिदै गैइरहेको छ। गाँउघरमा अहिले धेरैजसो घरहरु युवा विहिन भएका छन । प्राय घरमा अहिले बुढाबुढी र महिला केटाकेटीहरु मात्र रहेका छन । बैदेशिक रोजगारी बाट कमाएको पैसाले शहर वा तराई तिर जग्गा जमिन किनी बसाई सर्न प्रचलन पनि धेरै नै रहेको छ। साथै श्रीमान विदेश गएपछी छोराछोरी पढाउने नाममा श्रीमतीहरु शहरमा अस्थाई बसाई सर्ने जसले गाँउको खेती बारी बाझो राख्नु पर्न अवस्था छ तर पनी यस ठाँउमा अहिले

सम्म यी विषयहरुमा अध्ययन भएको छैन । बैदेशिक रोजगारले आधारभुत आवश्यकताको परिपुर्ति गर्नुका साथै बैदेशिक रोजगारमा जाने व्यक्तिहरुको जीवनमा आर्थिक समृद्धि ल्याएको छ । अर्का कुरा बैदेशिक रोजगारका कारण गाँउघरमा कतिपय सामाजिक सांस्कृतिक समस्या उत्पन्न भएका छन जसले गर्दा यस ठाँउमा सामाजिक परिवर्तन निम्त्याएको छ । जसलाई समयमा नै लेखा जोखा गरि सकारात्मक कुराहरुलाई निरन्तरता दिदै नकारात्मक पक्षहरुमा सचेत हुन आवश्यक छ । त्यसैले यस अध्ययनमा निम्न अनुसन्धान प्रश्नलाई उठान गर्दै बैदेशिक रोजगारले खोलागाँउमा परेका प्रभाव बारे अध्ययन गरिएको छ ।

- अध्ययन क्षेत्रका मानिसहरु बैदेशिक रोजगारमा संलग्न हुनुको कारण के हो ।
- बैदेशिक रोजगारमा संलग्न परिवारको बैदेशिक रोजगारमा जानु अघि र गईसके पछि सामाजिक तथा आर्थिक परिवर्तन कस्तो छ ।

## १.३ अध्ययनको उदेश्य

कुनै पनि विषयको अनुसन्धान कार्यमा उदेश्यहरुको निर्धारण गर्दा बिशेष ध्यान पुयाउन आवश्यक हुन्छ । अध्ययनमा स्पष्ट रुपले उदेश्य चयन नगरेमा निचोडमा पुग्न गाह्रो पर्दछ । त्यसैले उदेश्यहरु निर्धारण गर्दा स्पष्ट र सजिलो हनुपर्दछ । यसै कुरालाई ध्यानमा राख्दै यस अध्ययनको मुख्य उदेश्य भनेको बैदेशिक रोजगारमा संलग्न तथा पारिवारिक जिवनस्तरमा आर्थिक तथा सामाजिक परिवर्तनको अध्ययन गरी वैदेशिक रोजगारप्रति आकर्षण बढनुको कारण पता लगाउनु हो । यस अध्ययनमा निम्न उदेश्यहरु रहेका छ ।

- अध्ययन क्षेत्रका मानिसहरु बैदेशिक रोजगारमा संलग्न हुनुको कारण पता लगाँउनु ।
- बैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक तथा आर्थिक परिवर्तनको व्याख्या गर्नु ।

## १.४ अध्ययनको औचित्य तथा महत्व

यस अध्ययनको औचीत्यलाई निम्न बुद्धा द्धारा प्रष्ट पारिन्छ

- यस अध्ययनले बैदेशिक रोजगारले चौरजहारी नगरपालिका वडा नं १० का बैदेशिक रोजगारमा संलग्न घरपरिवारको पारिवारिक जिवनस्तरमा आएको परिर्वतन तथा प्रभाव बारे जानकारी गराउने छ ।
- बैदेशिक रोजगार सँग सम्वन्धित अध्ययन गर्न चाहने अनुसन्धानकर्ता तथा संघसंस्थालाई द्धितिय स्रोतको रुपमा यो अध्ययन सहयोगी हुनेछ ।

- बैदेशिक रोजगार सम्बन्धि निती तथा योजना निर्माण कार्यमा पनि यो अध्ययन सहयोगी बन्नेछ ।

## १.५ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रलाई ६ भागमा विभाजन गरिएको छ। यस शोधपत्रको अध्याय एकमा विषयवस्तु ,अध्ययनको लागि प्रष्ट पार्ने परिचय दिने खालको पृष्ठभुमिबाट शुरु गरिएको छ । साथै बैदेशिक रोजगारीको परिभाषा, समस्याको कथन, अध्ययनको उदेश्य र अध्ययनको महत्वको बारेमा पनि उल्लेख गरिएको छ । यस शोधको अध्याय दुईमा पुर्व साहित्यको अध्ययनको क्रममा वैदेशिक रोजगारका बारेमा समाजशास्त्रीय तथा विद्धानहरुका साथै अन्य व्यक्तिहरुले वैदेशिक रोजगार सम्बन्धि गर्नु भएको अध्ययनलाई पनि उल्लेख गरिएको छ । साथसाथै वैदेशिक रोजगारलाई सैद्धान्तिक अवधारणा सँग जोडेर सम्बन्ध देखाईएको छ ।

अध्याय तिनमा अनुसन्धान पद्धति, अनुसन्धान ढाँचा, तथ्यांकको प्रकृति, अध्ययन क्षेत्रको औचित्य, तथ्यांक संकलन विधि, अर्न्तगत घरधुरी सर्वेक्षण प्रश्नावली, अर्न्तवार्ता, वैयक्तिक अध्ययन गरी तथ्यांकलाई विश्लेषण गरिएको छ ।

अध्याय ४ मा अध्ययन क्षेत्रका उतरदाताहरुको सामाजिक तथा जनसांख्किीय विशेषता अर्न्तगत यस क्षेत्रबाट बैदेशिक रोजगारमा संलग्नहरुको उमेरगत विवरण जातिय विवरण,पारिवारिक संरचना, आम्दानी, घरको बनावट, वैदेशिक रोजगारमा जानुपर्ने कारण आदिको बारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँचमा वैदेशिक रोजगार र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिर्वतनको अध्ययन गरिएको छ । जसअन्तर्गत वैदेशिक रोजगारको इतिहास, वैदेशिक रोजगारको प्रक्रीया, वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको सामाजिक अवस्था, उमेर, शिक्षा आर्थिक विवरण, पुर्व पेशा, हालको पेशा, आम्दानी तथा खर्च, आर्जित पैसाको उपयोग, सामाजिक तथा आर्थिक परिवर्तन र वैदेशिक रोजगारप्रतिको धारणा, वैदेशिक रोजगारले समाजमा पारेको परिवर्तन सम्बन्धि बिश्लेषण, वैदेशिक रोजगारको सम्बन्धमा समाजले मुल्यांङकन गरेको धारणा बारेमा उल्लेख गरिएको छ ।

अध्याय छ मा यस शोधपत्रको लागी जति पनि अनुसन्धान गरिएको छ त्यसको शिलशिलाबद्ध सारांश तथा निष्कर्ष निकालिएको छ ।

# अध्याय : दुई

# पुर्व साहित्यको पुनरावलोकन

## २.१ पुर्व साहित्यको पुनरावलोकन

अनुसन्धान गर्दा सम्बन्धित विषयको बारेमा जानकारीमा आईसकेका विचार र मान्यता लाई जानकारीमा राखेर नै अरु नयाँ मान्यताहरुको खोजी र विकास गरिएको हन्छ। वास्तवमा नयाँ नयाँ मान्यता र विचारको विकास गर्नु नै अनुसन्धानको मुल मर्म हो ।

बैदेशिक रोजगार भनेको नेपाली नागरिकले विदेशमा पाउने रोजगार वा श्रम सृजना र त्यसको परिचालनका लागी बजार विकास गर्नु हो । नेपालको बैदेशिक रोजगारको शुरुवात १६ औ शताब्धीमा राम शाहको पालाबाट भुटानका राजाको गुम्बा निर्माण गर्न सिकर्मी, डकर्मी ,धातुकर्मिको रुपमा कामदार आपूर्ति र चिनमा अरनिको लाई मुर्ति बनाउन लगे पश्चात शुरु भएको भएता पनि मुलत भारत संयुक्त अधिराज्य, ब्रनाई, मलेशियामा काम गर्ने लाहुरे बाट प्रथम विश्वयुद्धमा यसको विकास भएको पाईन्छ । (बैदेशिक रोजगार विभाग,२०६८) यसरी एक देशको श्रमिक अर्का देशमा रोजगारीको लागी जाने परिपाटी बाट नै बैदेशिक रोजगारको शुरुवात भएको हो ।

नेपालको इतिहासमा बैदेशिक रोजगारीको सुरुवाती बिन्दु खोज्दै जाने हो भने वि. स. १८७२ को नेपाल र तत्कार्ला न इस्टइण्डिया कम्पनि बिच सम्पन्न सुगौली सन्धि सम्म पुग्न सकिन्छ । उक्त सुगौली सन्धि पश्चात नेपाली नागरिकहरु तत्कालिन इष्टइण्डिया कम्पनिमा भर्ना भई गोर्खा सैनिकको रुपमा सेवा प्रदान गरेको र भारतको स्वतन्त्रता सँगै केही गोर्खा सैनिकको रेजिमेन्ट भारतमा छाडी केहि रेजिमेन्ट सैनिकलाई तत्कालिन ब्रिटिस शासकले मलेशियामा स्थानान्तरण गरेको पाईन्छ । कालान्तरमा मलेशिया ब्रिटिश उपनिवेशिबाट मुक्त भएपछी त्यहाको सैनिक रेजिमेन्ट लाई हङकङ्गमा सारियो भने हङकङ्गमा पनि चिनको अधिनमा आएपछि त्यहा कार्यरत गोर्खा सैनिकलाई आफनै मुख्य भुमिमा सारेको देखिन्छ । हालको अवस्थामा नेपालीहरु विदेशमा सेनाको रुपमा मुख्यतया भारतिय सेना ब्रिटिस सेना अर्न्तगत संयुक्त अधिराज्य र ब्रुनाईमा कार्यरत छन भने सिंगाँपुर पुलिस फोर्सका रुपमा पनि आफनो सेवा दिईरहेको पाईन्छ । (राई २०७३)

नेपालीहरु बिदेशमा गई काम गर्न चलन धेरै पहिला देखी भएको पाईन्छ । भारत सँग पहिले देखी नै आर्थिक, सामाजिक, सांस्कृतिक आदी विषयमा निकट सम्बन्ध रही आएको र खुल्ला सिमानाले गर्दा बिना रोकटोक धेरै नेपाली भारतमा गई काम गर्दै आएको ऐतिहासिक परम्परा रहि आएको देखिन्छ । यसै सन्दर्भमा सन १८१४/१५ मा नेपाल र इष्टइण्डिया कम्पनि बिच भएको युद्धले नेपालको माया नेपालीलाई आफनो प्राण भन्दा प्यारो रहेछ भन्ने ऐतिहासिक यथार्थ देखी सकेको अवस्थामा अंग्रेजहरुले नेपाली बिर योद्धाहरुलाई आफनो सेनामा सामेल गराउने मनसायले तत्कालिन सम्झौता सन १८१६ मार्च ३ गतेको सुघौली सन्धि अनुरुप उनिहरुले ३ वटा रेजिमेन्ट स्थापना गरि ती रेजिमेन्ट हरुलाई लाहोर (हालको पाकिस्तान) राखेका थिए । (पोखेल,२०५७) ति रेजिमेन्टमा भर्ना हुन प्राय नेपाली हरु लाहोरमै जाने गर्दथे यसरी लाहोर जाने नेपालीहरु सँग उनिहरुका परिवारका अन्य सदस्यहरु पनि सँगसँगै जाने र त्यहाका होटेल कलकारखाना आदिमा काम गर्न थाले यसरी ती रेजिमेन्टमा भर्ना हुनेहरुमा हालका गोर्खा लम्जुङ्ग, तनहुँ, कास्की आदी क्षेत्रबाट बढी संख्या रहेको थियो । यसका साथै त्यस बेलाको नेपाली पहिचान नेपाल भन्दा गोर्खा नामले चिनीने भएकोले लाहोरमा उनीहरु गोर्खा नामले चिनिन थाले भने नेपालमा ती रोजगारीका लागी बिदेश जाने आउने नेपाली हरुलाई लाहुरे भन्न थालियो । (पोखेल,२०५७)

वास्तवमा विदेश जाने प्रचलनको विकास र विस्तार सन १९५० को दशक पछी नै भएको हो (दाहाल, २०६६) यस पछि नेपालमा पनि खुल्ला अर्थव्यवस्था अघी बढन थाल्यो र सन १९७३ (वि.स. २०२० ) सालपछि विभिन्न ठाँउमा नेपाली आप्रबासिलाई दुख दिएको अनि रोजगारमा गएको व्यक्तिले दुख पाएको तथ्यहरु प्रकाशमा आउन थाल्यो यसका साथै निजि क्षेत्रको सहभागिता विभिन्न क्षेत्रमा बढन थालेपछी नेपाल सरकारले वि.स. २०२८ सालमा श्रम विभाग र वि.स. २०३८ सालमा श्रम मन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जन गर्दै लैजाने निति लिन थाल्यो ।

यसरी जव मन्त्रालयको गठन भयो त्यसपछी विशेष गरी बैदेशिक रोजगारीलाई कसरी व्यवस्थित गर्न सकिन्छ र भैपरी आउने जटील समस्याको सामाधानको लागी वि.स. २०४२/०३/०२ गते देखी लागु हुने गरी बैदेशिक रोजगार विभाग ऐन, २०४२ को स्थापना भयो यस ऐन आएपछी बैदेशिक रोजगारको क्षेत्रमा केही परिमार्जन र सरलता आएकोले यस क्षेत्रको संस्थागत विकासमा क्रान्तिकारी परिवर्तन नै आयो त्यस ऐनलाई भिन्न समयमा संशोधन गर्दै हाल मिती २०६४/०५/१९ गते देखी लागु हुने गरी संशोधित बैदेशिक रोजगार

विभाग ऐन, २०६४ तथा बैदेशिक रोजगार विभाग नियमावली, २०६४ निर्माण भएको छ । यसरी क्रमिक रुपमा विकास हुँदै आएर नेपालमा हाल बैदेशिक रोजगारको संस्थागत रुपमा ११० मुलुक खुल्ला गरिएको छ । जुन देशहरुमा श्रमिक पठाँउन इजाजत प्राप्त ७५६ मेनपावर कम्पनिहरु सञ्चालन भएको छ (बेदेशिक रोजगार विभाग प्रतिवेदन, २०७२/७३ )

नेपालमा प्रत्येक बर्ष करिब ५ लाख जनशक्ति श्रम बजारमा प्रवेश गर्न गरेका छन । आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्युन भएकोले अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता छ । दैनिक करिब १ हजार युवा विदेशिने गरेका छन र कुल गाह्र्स्थ उत्पादनमा विप्रेषणको योगदान अनुपात २५.१ प्रतिशत रहेको छ । वैदेशिक रोजगारले नेपालीहरुको जीवनस्तरमा मात्र सुधार गरेको छैन । विगत दुई दशक देखि देशको अर्थतन्त्रमा समेत मेरुदण्डको रुपमा रहि आएको छ । देशको कुल गाह्र्स्थ उत्पादनमा विप्रेषणको योगदान निरन्तर बढिरहेको छ । आर्थिक वर्ष २०६६/६७ देखिको १० वर्षको तुलनात्मक अध्ययन गर्दा विप्रेषण आयमा निरन्तर बढोतरी भैइरहेको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा अघिल्लो आर्थिक बर्षको तुलनामा वैदेशिक रोजगारीमा जानेको संख्यामा १५.७ प्रतिशतले घटेता पनि विप्रेषण आयमा गिरावट आएको देखिदैन । (वार्षिक प्रगति प्रतिवेदन, २०७५/७६)

बैदेशिक रोजगारको लागि सरकारले ११० वटा मुलुकहरु खुल्ला गरेको छ । नेपालबाट प्रत्येक दिन औसतमा १५०० का संख्यामा र वार्षिक ५ लाखको दरले कामदारहरु बैदेशिक रोजगारको लागी बाहिरिन्छन । हाल देशको कुल गार्हस्थ उत्पादनको बिप्रेषण मुलुकभित्र भित्रिएको पाईन्छ । बैदेशिक रोजगार मार्फत नेपालका ५६ प्रतिशत परिवारले विप्रेषण आय प्राप्त गरिराखेका छन । (खत्री, सन२०११)

अहीले बैदेशिक रोजगार बाध्यात्मक हुनुको प्रमुख कारण देशमा भएको बेरोजगारी समस्या, राजनितीक अस्थिरता, तथा स्वदेशी उद्योग तथा कलकारखानामा बाहय र आन्तरिक लगानिको वातावरण सिर्जना गर्न नसक्नु हो । नेपालीहरु विदेशिनुमा शिक्षित तथा बौद्धीक बर्गले पनि आफनो क्षमता अनुसारको रोजगार नपाउनु, गरिबी, सिजनेबल रोजगार, देखासिकी र अर्ध र अदक्ष बेरोजगार र घरेलु उद्योगबाट उत्पादित सामानले विदेशि उत्पादन सँग प्रतिस्पर्धा गर्न नसकेर दिनमा करिब १५०० नेपाली बिदेसिनुको प्रमुख कारण रहेको छ ।

सन १८१५ भन्दा अगाडी नेपालीहरु भारतको आसाम, मणिपुर, मेद्यालय, दार्जिलिङ्ग, भुटान, बर्मा आदी ठाँउहरुमा बैदैशिक रोजगारीको लागी गएको पाईन्छ । ती ठाँउहरुमा नेपाली श्रमिकहरुद्धारा कृषि, कोइलाखानि, जंगल फडानी, रबर खेति, चिया खेतीलाई लिन सकिन्छ ।

(गौतम, २०५८:१०) यसरी नेपाल र भारतको खुल्ला सिमानाको कारण धर्म संस्कृति, आर्थिक सामाजिक आदी पक्षहरुको समानताको कारण पनि विना रोकावट नेपालीहरु जाने आउने गरेको धेरै पहिला देखी पाईन्छ ।

सन १८१६ मार्च ३ को सुगौलीसन्धी पश्चात तत्कालीन सम्झौता अनुरुप इष्टइण्डीया कम्पनिले ३ वटा रेजीमेन्ट स्थापना गरी लाहोरमा राखियो । र यसरी रेजीमेन्टमा भर्ना हुन प्राय नेपालीहरु लाहोर जाने गर्दथे । त्यसैले लाहोर जाने नेपालीले उसका परिवारका अन्य सदस्यहरुलाई पनि सँगै लैजाने र त्यहाका कलकारखाना, होटल आदिमा काममा लगाउन थाले । यसप्रकार इष्टइण्डीया रेजिमेन्टमा भर्ना हुनेहरुमा हालको गोर्खा, लमजुङ्ग, तनहु, कास्की आदी क्षेत्रबाट बढी जाने र त्यसबेलाको नेपाली पहिचान नेपाली भन्दा गोर्खालीको नामले चिनिन थालियो । यसरी विदेश हिन्दुस्तान जाने आउने नेपालीलाई नेपालमा लाहुरे र विदेशमा गोर्खाली भन्न थालिएको हो । (पोखरेल, २०५७:४)

सन १९५० पछि अर्थव्यवस्था खुल्ला रुपमा अगाडी बढन थालेको पाईन्छ । सन १९६३ पछी नेपाली आप्रवासीहरुलाई विविध ठाँउमा दुख दिएको, रोजगारीमा गएको व्यक्तिहरुले दुख पाएका सामाचारहरु प्रकाशमा आउन थालेपछी निजि क्षेत्रहरुको सहभागीता पनि विभिन्न देशहरुमा वृद्धी हुन थालेको पाईन्छ । नेपाल सरकारले वि.स.२०२८ सालमा श्रम विभाग र वि.स. २०३८ सालमा श्रम मन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जन गदै लाने निति लिएको हो । यसरी मन्त्रालयको गठन भएपछी विशेष गरी वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरी आउन सक्ने जटील समस्याको सामाधानका लागी वि. स. २०४२/०३/०२ गते बाट लागु हुने गरी वैदेशिक रोजगार ऐन, २०४२ को स्थापना भयो । यो ऐन बनेपछी बैदेशिक रोजगारको क्षेत्रमा केही सरलता र परिमार्जन भएकोले यस क्षेत्रको संस्थागत विकासमा परिवर्तन आयो । पछि यस ऐनलाई वि.स. २०३८ सालमा श्रम मन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जन गर्दै लाने निति लिईएको हो । यसरी मन्त्रालयको गठन भएपछी विषेशगरी वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरी आउने समस्याहरुको सामाधानका लागी वि.स.२०४२/०३/०२ गते बाट लागु हुने गरी वैदेशिक रोजगार ऐन, २०४२ को स्थापना भयो । यो ऐन बनेपछी वैदेशिक रोजगारको क्षेत्रमा सरलता र परिमार्जन भएकाले यस क्षेत्रको संस्थागत विकासमा परिवर्तन आयो । पछी यस ऐनलाई विभिन्न समयमा संसोधन गरी मिति २०६४/०५/१९ गतेबाट लागु हुने गरी संशोधित वैदेशिक रोजगार ऐन, २०६४ निर्माण भएको हो । (वैदेशिक रोजगार ऐन, २०६४)

वैदेशिक रोजगार ऐन, २०४२ बमोजिम कार्यक्षेत्र विस्तार गरी श्रम तथा रोजगार पर्वद्धन विभाग नामाकरण गरिएको हो । वैदेशिक रोजगारी लाई अझ मर्यादित व्यवस्थित र सुरक्षित बनाउनको लागी मिति २०६५ पौष १६ गते वैदेशिक रोजगार विभाग स्थापना भएको छ ।

अन्तराष्ट्रिय श्रम संगठनले सन १९८३ मा रोजगारीलाई २ भागमा वर्गिकरण गरेका छनः

क) तलवी रोजगार : कुनै पनि व्यक्तीले कुनै निश्चित समयका बिदामा बसेको भएतापनि उनीहरु त्यो कामप्रती औपचारिक रुपमा सम्बन्धित हुन्छन भने त्यो सम्पूर्ण तलब रोजगार अर्न्तगत पर्दछ । यसरी कुनै व्यक्तिले निश्चित समयमा कुनै काम आम्दानीको उद्देश्यले गर्दछ भने तलबी रोजगार अन्तर्गत पर्दछ ।

ख) स्वरोजगारः कुनै पनि व्यक्ति आफैले व्यापार व्यवसाय सञ्चालन गरेर ज्याला नलिएर पारिवारिक पालनपोषण नगद वा जिन्सिका लागी आफैले गर्न कामलाई स्वरोजगार भनिन्छ । यसरी कुनै पनि व्यक्ति स्वंमले व्यापार व्यवसाय तलव नलिई सितैमा गर्दछ भने त्यसलाई स्वरोजगार भनिन्छ । साथै नेपाल सरकारले बेरोजगारलाई ४ भागमा वर्गिकरण गरेको छ ।

पूर्ण बेरोजगारी : श्रमशक्तिले पूर्ण रुपले काम प्राप्त नगरेको अवस्था हो ।

अर्ध बेरोजगारी : श्रमशक्तिले पूर्ण आंशिक रुपले काम प्राप्त गरेको अवस्था हो ।

मौसमी बेरोजगारीः कुनै निश्चित मौसम वा समयमा मात्र श्रमशक्ति रोजगारमा आवद्ध हुने स्थिति हो ।

अन्य बेरोजगारी : शिक्षित बेरोजगारी, अदृष्य बेरोजगारी, चक्रिय बेरोजगारी आदी प्रकारका छन ।

ग्रामीण क्षेत्रमा उत्पादन र रोजगारीको अवसर कम हुने र कृषि पेशा पनि जिवन धान्ने खालको मात्र हुँदा वार्षिक थप भएका श्रम शक्तिहरुलाई रोजगारको समस्या परिरहेको छ यहाँका उद्योग तथा कलकारखानाहरुमा रोजगारीको खोजीमा नै ग्रामीण क्षेत्रबाट शहर पसेको पाईन्छ । शहरमा पनि जनसंख्याको अत्यधिक चाप र आन्तरिक बसाईसराईका कारण कामको खोजिमा आउने भएकाले पनि बेरोजगारी झन विकराल समस्याको रुपमा देखिएको छ । यही कुरालाई ध्यानमा राखी नेपाल सरकारले मुलुकभित्र दीर्घकालीन व्यवस्थामा सुधार गर्दै आईरहेको छ । (पण्डित ,२०६५:४१) यसरी मुलुकभित्र दिर्घकालिन व्यवस्थामा सुधार गर्ने मुख्य कारक तत्व वैदेशिक रोजगार बन्न गएको देखिएको छ ।

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमले महत्वपूर्ण भुमिका खेल्दै आएको छ । युवाहरुलाई रोजगारी दिन नसकिरहेको समकालिन नेपालमा रोजगार व्यवस्थापनको माध्यम बनेको छ । यो क्षेत्र दन्दको अवस्थामा देशको अथतन्त्रलाई सहयोग गरेको क्षेत्र पनि हो । वैदेशिक रोजगारबाट प्राप्त रकमलाई विप्रेषण भनिन्छ । विप्रेषण भन्नाले " विगत १२ महिनामा परिवारलाई पठाएको रकमलाई जनाँउछ "। (के.त.वि.,२०६८:४९) यसरी आफनो परिवारबाट टाढा रहेर विदेशमा रोजगार गरि पठाएको रकम नै विप्रेषण हो ।

आर्थिक वर्ष २०७३/०७४ मा विप्रेषणको योगदान करिब २६.९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको यो वृद्धिदर करिब ३५ प्रतिशत थियो । गत वर्षको यसै अवधिमा यो अंक ३४ अर्ब रुपैयाँ विदेशबाट प्राप्त विप्रेषणले नेपालको अर्थतन्त्रमा रक्तसञ्चारको काम गरेको विभिन्न अध्ययनले देखाएको छ ।

यसरी विगत ५ देखि १० वर्षमा विप्रेषण प्राप्त गर्ने परिवारहरुको प्रतिशत क्रमशः वृद्धि हुदै गईरहेको छ । पहिलो सर्वेक्षणले जम्मा २३ प्रतिशत परिवारले पुगेको देखाइएको छ । परिवारको आम्दानिमा विप्रेषणको हिस्सा वृद्धि हुँदै गएको छ । सन २००८/०९ मा यो ३२ प्रतिशत थियो भने सन २०१६/१७ मा ३६ प्रतिशत रहेको थियो । स्रोतका अनुसार प्राप्त विप्रेषणको संरचनामा परिवर्तन आएको पाईन्छ । यस प्रकार परिवारको आम्दानिमा ४९ प्रतिशत ओगटेको छ । ( के.त.वि.,२०६८: ५०) यसरी विप्रेषण प्रतिशत दिनप्रतिदिन बृद्धि हुँदै जानुले देश विकासलाई टेवा दिदै आईरहेको छ । यो दिन प्रतिदिन वृद्धि हुनुको कारण देशमा बेरोजगार र युवा वर्ग विदेशिने परिपाटी प्रमुख कारक तत्व मान्न सकिन्छ ।

विगतको दशकमा आप्रवासिहरुको बाह्य गमन देशको आर्थिक सामाजिक, प्राकृतिक संरचनाको परिवर्तनका लागी प्रभावकारी भएको छ । यसैगरी सन २०१२ मा नेपाल विश्वमा कुल गार्हस्थ उत्पादनमा योगदान पुर्याउने तेस्रो सबैभन्दा बढी विप्रेषण प्राप्त गर्ने र अतिकम विकसित मुलुकहरु मध्ये सवभन्दा बढी विप्रेषण प्राप्त गर्ने देशहरुमध्येको एक हुन पुग्यो । वैदेशिक रोजगारले वैकल्पिक जिविकोपार्जनका अवसरहरु प्रदान गरेको छ । भने विप्रेषणले परिवारको आय वुद्धि गर्न मदत पुयाएको छ । वैदेशिक रोजगारमा धेरै प्रभावहरु मध्ये विशेषगरी काम गर्ने उमेरका धेरै जना पुरुषहरुको जनसख्या घरभन्दा बाहिर रहेकोले सामाजिक संरचनामा परिवर्तन भएको छ । यसका अतिरिक्त धेरै पहिला राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा श्रम शक्तिमा समाहित हुन थालेको हुनाले सांस्कृतिक मान्यताहरुमा परिवर्तन भईरहेको छ ।

यसैगरी नेपाल सरकारबाट संस्थागत रुपमा वैदेशिक रोजगारका लागी खुल्ला गरिएका मुलुकहरु ११० वटा रहेका छन र व्यक्तिगत रुपमा १६७ देशमा रोजगारको लागी श्रम स्विकृति लिएका छन । (वैदेशिक रोजगार विभाग, सन २०१४ ) । हाल करिव ३२ लाख मानिस भारत बाहेकका राष्ट्मा रोजगार गरिरहेको औपचारिक तथ्यांक छ ।

नेपाल राष्ट् बैंङ्कको तथ्यांक अनुसार सन २०१४/१५ मा औपचारिक माध्ययमबाट करिब रु ५८९.५ खर्व रकम विप्रेषणको रुपमा भित्रिएको थियो र यो रकम करिब त्यस आर्थिक बर्षको वार्षिक बजेटको हाराहारीमा थियो । यो देशको कुल गार्हस्थ उत्पादनको २९ प्रतिशत बराबर हो । जसले नेपाललाई कुल गाह्र्स्थ उत्पादन तर्फको योगदानका लागी विश्वका तेस्रो र दक्षिण एसियामा पहिलो बनाउँदछ । (वैदेशिक रोजगार विभाग, सन २०१४)

यस तथ्यांकबाट के प्रष्ट हुन्छ भने नेपालिहरु बैदेशिक रोजगारमा जाने क्रम प्रत्येक वर्ष वृद्धि हुँदै गईरहेको देखिएको छ । हालको अवस्थालाई हेर्दा देशमा सरकारको स्थिरता नहुनु, स्वदेशि रोजगारको अभावका साथै राजनैतिक परिवर्तन भईरहनु, स्वदेशि घरेलु उद्योग तथा कलकारखाना बन्द हुनु जस्ता कारणले युवावर्ग  विदेशिएको पाईन्छ ।

वैदेशिक रोजगार सम्बन्धि विभिन्न तथ्यांक अनुसार विश्वभरीमा ३० करोड ५० लाख भन्दा बढि नागरिक आफु जन्मेको भुमि छाडी कामको लागी अन्य मुलुकमा गएको पाईन्छ। नेपालको सन्दर्भमा पनि कामको लागी विदेशिने क्रम बढदो छ । (वैदैशिक रोजगार विभाग, २०७२ को पछिल्लो रिर्पाट) ।

## २.२ बैदेशिक रोजगार सम्बन्धि बिधमान ऐन तथा नीति-नियमहरु

नेपाल सरकारले वि.स. २०३८ सालमा बैदेशिक रोजगारलाई व्यवस्थित रुपमा विकास गर्न श्रम मन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जन गदै लैजाने नीति लिन थालेको पाईन्छ । यसरी मन्त्रालयको गठन भएपछी विशेष गरी वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरी आउन सक्ने जटिल समस्याको सामाधानको लागी वि.स. २०४२/०३/०२ बाट बैदेशीक रोजगार ऐन लागु गरियो । हाल आएर यस ऐनलाई संशोधन गरी बैदेशिक रोजगार ऐन, २०६४ निर्माण भएको छ । यस ऐनमा बैदेशिक रोजगार व्यवसायलाई प्रवर्दन गरी सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगार सम्बन्धि कानुनलाई संशोधन गरी सुरक्षित र मर्यादित बनाउन बैदेशिक रोजगार सम्बन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बान्छनिय भएकोले व्यवस्थापिका संसदले यो ऐन बनाएको छ ।

यस ऐनमा “विभाग” भन्नाले बैदेशिक रोजगार विभाग सम्झनु पर्दछ । “संस्था” भन्नाले बैदेशिक रोजगार सञ्चालन गर्न प्रचलित कम्पनि ऐन बमोजिम स्थापना भएको संस्था सम्झनुपर्दछ । “इजाजत पत्र” भन्नाले वैदेशिक व्यवसाय सञ्चालन गर्दा दफा १० बमोजिम लिएको इजाजत पत्र प्राप्त संस्था सम्झनुपर्दछ । (बैदेशिक रोजगार ऐन,२०६४)

- बर्तमान संविधानमा प्रत्येक नागरिकलाई नेपालको कुनैपनि भागमा पेशा रोजगार गर्न र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्न स्वतन्त्रता दिईएको छ । (धारा १७(च)) यस्तै प्रत्येक नागरिकलाई रोजगारी र रोजगारको छनोट गर्न पाउने धारा (धारा ३३) र प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक सुनिश्चित गरेको छ ।
- राज्यको निर्दशक सिदान्त अर्न्तगत श्रम तथा रोजगार नितीमा बैदेशिक रोजगारीलाई शोषणमुक्त सुरक्षित र व्यवस्थित गर्ने विदेशमा आर्जन भएको पूँजि, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्न व्यवस्था गरिएको छ ।
- बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, र मर्यादित बनाउन तथा बैदेशिक रोजगारमा जाने कामदार र बैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्नको लागी बैदेशिक रोजगार ऐन, २०६४ तथा बैदेशिक रोजगार नियमावली, २०६५ को तर्जुमा र कार्यान्वयन ।
- घरेलु कामदारको सुरक्षाको लागी बैदेशिक रोजगारमा घरेलु कामदार पठाउँने सम्बन्धि निर्दशिका, २०७२ को व्यवस्था ।
- अनुगमनलाई प्रभावकारी बनाउन बैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्य परिक्षण गर्न संस्थाको सुचिकरण, नविकरण तथा अनुगमन सम्बन्धी कार्यविधी, २०७२ ।
- २०७३ बैशाख १ गते देखि लागु हुने गरी बैदेशिक रोजगारमा जाने कामदारहरुको जिवन बीमाको रकम ५ लाख बाट बढाएर १० लाख पुयाउने ।

**संस्थागत व्यवस्था**

- श्रम तथा रोजगार  सम्बन्धि निती, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन समन्वय तथा अनुगमन र मुल्याकंनको लागी श्रम तथा रोजगार मन्त्रालय (तत्कालिन श्रम मन्त्रालय) को स्थापना
- बैदेशिक रोजगार सम्बन्धि मामिला हेर्नको लागी बैदेशिक रोजगार विभागको स्थापना ।
- बैदेशिक रोजगारलाई प्रर्बदन र कामदारहरुको हित संरक्षण सम्बन्धि कार्य बैदेशिक रोजगार पर्वद्धन बोर्ड को स्थापना ।
- बैदेशिक रोजगार सम्बन्धि उजुरीको कार्बाहि तथा किनाराका लागी बैदेशिक रोजगार न्याधिकरण ।
- युवा जनशक्तिलाई व्यवसायिक र सिपमुलक तालिम प्रदान गरी बैदेशिक रोजगारीका लागी दक्ष एवंम सीप मुलक जनशक्ति तयार गर्न व्यवसायीक तथा सिप विकास तालिम केन्द्र (श्रोत श्रम तथा रोजगार मन्त्रालय, बुलेटिन २०७३/७४)

**चौधौ योजना २०७३/७४- २०७५/७६ )**

दशौ पञ्चवर्षिय योजना(२०५९-२०६४) पछिका योजनाहरुमा नेपाल सरकारले योजनाबद्ध रुपमा विप्रेषण आप्रवाहलाई संस्थागत गर्न तथा उत्पादनमुलक क्षेत्रमा परिचालन गरी बचत लगानि अभिवृद्धि गर्न नितिमा जोड दिएको छ । यसका साथै उक्त योजनाहरुमा बैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्न रणनिति अगाडी सारेको छ । बैदेशिक श्रम बजारलाई कामदार मैत्री बनाउन जनशक्तिको विकास र थप गन्तव्य मुलुकहरुसँग द्धिपक्षिय श्रम सम्झौता गर्न, विप्रेषणलाई औपचारिक माध्ययमबाट देशमा ल्याउने व्यवस्था गरेको छ ।

## २.३ बैदेशिक रोजगारलाई सैदान्तिक दृष्टिकोणबाट हेर्दा

समाजको एउटा महत्वपूर्ण चरित्रको रुपमा अत्यन्त तरल बस्तु भनेको श्रम हो परम्परा देखि अहिले सम्म श्रमलाई विभिन्न दृष्टिकोण बाट परिभाषित र निर्देशित गर्ने गरिएको छ । समय अनुकुल परिमार्जित हुदै जाने समाजमा श्रमको वस्तुस्थिती र परिपाटीले एउटा सैदान्तिक दृष्टि्कोण ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक समाजशास्त्री र अन्य विद्धान वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पूर्ण मान्यता दिई पुष्टि गरेका छन । यी बिभिन्न मान्यताहरुमध्ये समाजशास्त्रीय दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ ।

**विश्वव्यवस्था सिदान्त**

आधुनिकिकरणको सिदान्तले देखाएको संस्थाप्रतिको व्यवस्थाको स्थिती, आधुनिक बन्नलाई पश्चिमि आर्थिक र सामाजिक शैलीको नक्कल गर्नुपर्न अवस्था तथा विभीन्न देशहरुमध्ये विकासका अबास्तविक सम्वन्धहरुको सृजनाको बारेमा बिश्लेषण गर्दै तेस्रो विश्व वा गरिब राष्ट्हरु किन र कसरी शोषणमा परेका छन भन्ने देखाउन विश्वव्यवस्था सिदान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालस्टाईन हुन । यसलाई नव मार्क्सवादी वा परनिर्भरताको सिदान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था सिदान्त शुरुमा भौगोलिक विस्तार भयो र त्यसपछी पृष्ठभुमिबाट विश्वव्यापी रुपमा श्रम विभाजन भयो । यसैगरी १६ औ शताब्दिमा आईपुग्दा पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समान रुपले भएन (वालस्टाइन उद्धित रिटजर,१९९२) ।

यस सिदान्त अनुसार विश्वव्यवस्था अर्न्तगत यसका विभिन्न भागहरु (केन्द्र, अर्धपूष्ठ र पृष्ठ क्षेत्र ) विभिन्न कुराका लागी महत्वपुर्ण हुँदै गएका विशिष्ट कार्यहरु (श्रमको उत्पादन, खाद्यान्न उत्पादन, कच्चा पर्दाथको उपलब्धता र प्रयोगका बस्तुको निर्माण) गर्दै गए । जस्तै अफ्रिकाको दासको उत्पादन, पश्चिम र युरोपको किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्न वर्ग र सिपयुक्त प्रशासकहरु रहन पुगे । (रिटजर १९९२)

यसैगरी वालस्टाईनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर, अर्धपृष्ठ क्षेत्रमा किसानहरु,र पृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर रहन गए । यसरी केन्द्रमा सिपमुलक र स्वतन्त्र मजदुरको बाहुल्यता हुन पुग्यो ।

यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमुलक मजदुरलाई प्रयोग गरी विकसित राष्ट्ले विश्वका विभिन्न ठाँउहरुमा उद्योगधन्दा संञ्चालन गरी पुँजीबादलाई बिस्तार गर्न थाले (रिटजर,१९९२) यसरी ती उद्योगधन्दाहरु एशियाका अरबियन मुलुकहरुमा पुँजिबादी राष्ट्ले स्थापना गरेपछी उद्योग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागी अदक्ष र अर्धदक्ष कामदारहरुको आवश्यकता भएकोले रोजगारीको लागी जान थाले । यसरी विश्व पुँजिवाद व्यवस्था अर्न्तगत नेपाल एउटा अदक्ष मजदुर उत्पादन गर्न राष्ट्का रुपमा विकसित हुन पुग्यो । यसरी नेपालीहरुको भर्खरै बामे सर्न लागेको घरेलु उद्योगबाट उत्पादित उत्पादनको विदेशी उत्पादनसँग प्रतिर्स्पधा गर्न नसकेर र विदेशि उत्पादन भन्दा महगो भएकोले यहाँका उद्योगहरु क्रमशः धरासायी बन्दै गए । यसरी सम्पुर्ण उत्पादन विदेशि राष्ट्मा भर पर्नाले आफनो

उत्पादनले स्थानिय बजार नपाएर पनि ओझेलमा पर्न गयो । जसको परिणाम अन्य देशले नेपालको सस्तो श्रमिक र कच्चा पदार्थ सस्तो मुल्यमा खपत गर्न मौका पाएको छ ।

**बसाईसराईको सिदान्त**

मानिसहरु बसाईसराई हुने विभिन्न कारणहरु छन । जसमा आर्कषण गर्ने pull factor ( रोजगारका अवसर, राम्रो जिवनयापन, राजनिती र धार्मिक स्वतन्त्रता, राम्रो हावापानि साथीभाई गएको देखेर, विहेको राम्रे अवसर, अध्ययन ) तत्व र विकर्षण गर्न puss factor (रोजगारका अवसर कम, सामाजिक विविधता, राजनितीक स्थिरता नहुनु, गरिबी, गाँसबाँस, कपास का कठिनाई, बिहेको कम सम्भावना ) जस्ता तत्व प्रमुख रुपमा रहेको छ । यसरी मानिसहरु आफु र आफनो घरपरिवारको भलाईको लागी विविध अवसरको खोजिमा आफनो देश वा क्षेत्र छोडेर रोजगारको लागी जानु लाई बसाईसराई भनि प्रष्ट्याउन lee's theory of migration प्रयोग गरिएको हो (Mariam and Sheth, 2001) ।

यस अनुसन्धानमा बैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको बारेमा अध्ययन गर्दा कसरी रुकुम जिल्लाको खोलागाँउको वडा नं १० (अध्ययन क्षेत्र) बाट बैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको आधारमा विश्वव्यवस्था र बसाईसराई सिदान्त सँग जोडीएको छ । बैदेशिक रोजगारले विषेशगरि आर्थिक क्षेत्रमा परिवर्तन ल्याएको छ । बैदेशिक रोजगारबाट आएको विप्रेषणले आयमुलक क्षेत्रमा लगानी हुन सकिरहेको छैन । त्यस आम्दानिलाई परिवारले खाद्यान्न, लताकपडा, शिक्षा, स्वास्थ्य, जग्गा खरिद, घर निर्माण जस्ता क्षेत्रमा लगानी गरेका छन । विशेष गरि बैदेशिक रोजगारले परिवारको जीवनशैली, रहुनसहनमा परिवर्तन ल्याएको छ । र यसले समाजलाई आधुनिकतातर्फ लगेको देखिन्छ । यसका साथै बैदेशिक रोजगारबाट कमाएर ल्याएको आम्दानी वा पुँजी पुनः केन्द्र स्तरमा वा अन्य मुलुकहरुमा जान्छ । साथै बैदेशिक रोजगारमा जान मानिसहरुलाई गर्न विविध तत्वहरुमा धेरै अवसर, उद्योगधन्दा, राम्रो जीवनस्तर, धेरै कमाई गर्ने परिवार वा व्यक्तिको सम्पर्क जस्ता विविध तत्वहरुमा कम रोजगारका अवसर, सामाजिक र आर्थिक कारण गाँसबाँसमा कठिनाई, गरिबी आदीका कारण मानिसहरु बैदेशिक रोजगारमा जान्छ भन्ने कुराको बारेमा अध्ययन गरिएको छ ।

# अध्याय : तीन
# अनुसन्धान विधी

यस अध्यायमा रुकुम जिल्लाको चौरजहारी नगरपालीका वडा नं १० अर्न्तगतको_खोलागाँउ बाँट बैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि अवस्थाको अध्ययन तथा अनुसन्धान गर्नका लागी प्रयोग गरिएको अनुसन्धान विधिका बारेमा पनि वर्णन गरिएको छ । यो अनुसन्धानको लागी आवश्यक अनुसन्धान विधिबाट आवश्यक तथ्यांक संकलन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

बैदेशिक रोजगारमा नेपालका प्राय सबै क्षेत्रबाट जाने गरेको पाईन्छ । सबै क्षेत्रको अध्ययन एकैचोटी गर्ने लक्ष्य पनि नभएको र गर्ने सम्भव नहुने हुँदा आँफुले कुनै एउटा अध्ययन क्षेत्र निर्धारण गरेर सजिलै अध्ययन गरेर निष्कर्षमा पुग्न सकियोस भनेर यस खोलागाँउ वडा न. १० छानिएको छ । ग्रामिण क्षेत्रमा रोजगारीका सम्भावनाहरु पनि प्रशस्त नभएकोले खासगरि युवा जनशक्तिहरु बैदेशिक रोजगारमा जाने क्रम निरन्तर रुपमा वृद्धि भईरहेको छ । जसले गर्दा  यस क्षेत्रमा बैदेशिक रोजगारको व्यक्तिगत पारिवारिक तथा सामाजिक सम्बन्धमा परेको प्रभाव वा परिवर्तन लाई अध्ययन गरिएको छ । किनकि बैदेशिक रोजगारमा संलग्न भैईसके पछी संलग्न व्यक्तिको घरपरिवार आर्थिक रुपमा मजबुत भई सामाजिक रुपमा उसको परिवारलाई समाजले सम्मानका साथ हेर्ने गर्दछ । यस अध्ययन को नतिजाले बैदेशिक रोजगारले समाजमा पारेको आर्थिक सामाजिक प्रभाव वा परिवर्तनमा खेलेको भुमिका लाई छर्लङ्ग पार्न सफल होस भन्ने दृष्टिकोणले यस अध्ययनको लागि रुकुम जिल्ला चौरजहारी नगरपालिका वडा नम्बर १० को खोलागाँउ लाई छनोट गरिएको हो । यस क्षेत्रलाई अध्ययनको क्षेत्र बनाउनुको मुख्य कारण यस क्षेत्रका मानिसहरुले बैदेशिक रोजगारलाई मुख्य आयस्रोतको रुपमा लिदै आएको र अहिले यस ठाउँबाट बैदेशिक रोजगारमा जानेको संख्यामा वृद्धी हुदै गएको, तर पनि यस विषयमा कुनै पनि अध्ययन अनुसन्धान नभएकोले अध्ययन क्षेत्रको रुपमा यस टोल लाई छनोट गरिएको हो ।

## अध्ययन क्षेत्र चौरजहारी नगरपालिकाको परिचय

हिमाल पहाड र तराईको झल्को दिने चौरजहारी नगरपालिका सुन्दर प्रकृतिको काखमा अवस्थित छ नेपालको कर्णाली प्रदेश रुकुम पश्चिम देखी १६ कोष पश्चिम दक्षिणमा पर्ने

चौरजहारी नगरपालिकामा समथल उपत्यका टाकुरा र अग्ला चुचुराहरु छन । स्थानिय भाषामा समथल भु-भाग लाई चौर भनिन्छ भेरी नदिको किनारमा समथर चौर रहेको र त्यसमा करौती, चिमिले, दाँते, लगायत जातका झाडी हरु रहेकोले चौर जहारी शब्द को संयोजन गरी विगतमा चौरजहारी भन्ने गरेको पाइन्छ । चौरझारी शब्दको अप्रभंश हुदै जाँदा त्यस ठाँउको नाम चौरजहारी हुन गएको भनाई छ ।

२०७२ असोज १ गते तत्कालीन विजयश्वरी र कोटजहारी गा.वि.स को समायोजन गरी चौरजहारी नगरपालिका घोषणा गरिएको थियो । मन्त्रिपरिषद को मिति २०७३ फाल्गुन २२ गते को निर्णय पछि २०७३ फाल्गुन २७ गते स्थानिय तहको नयाँ संरचना बन्यो । स्थानिय तहको संरचना निमार्ण को क्रममा रुकुममा तत्कालिन चौरजहारी नगरपालिका खोलागाँउका साथै नुवाकोट र पुर्तिमकाँडाका केही वडाहरुलाई एक ठाँउमा गाभियो । जसको नामाकरण पुर्ण चौरजहारी नगरपालिका भयो । सल्यान दार्माकोट भएर साविकका नुवाकोट खोलागाँउ र पुर्तिमकाँडा भएर बग्ने जहारी खोला रहेको छ । नगरपालिका को सवै भुभाग समेटेर यो जहारी खोला बग्ने गरेको छ । जहारी खोला बग्ने जहारी क्षेत्र र समथल भुभाग चौरलाई संयोजन गर्दा चौरजहारी शब्द निर्माण भएकोले नगरपालिकाको नाम चौरजहारी नै नामाकरण गर्न उचित ठहर गरिएको थियो । यसैको परिणाम स्वरुप थप भुभाग सहित स्थानिय तहको नयाँ संरचनाका क्रममा पनि चौरजहारी नगरपालिकाको नामले निरन्तरता पायो ।

चौरजहारी नगरपालिकाको सिमाना पुर्वमा त्रिवेणी गाँउपालिका पश्चिममा जाजरकोटको भेरी नगरपालिका पर्दछ । त्यसैगरि उत्तरमा सानी भेरी गाँउपालिका र दक्षिणमा सल्यानको कुमाख गाँउपालिका रहेको छ । समुन्द्र सतह देखि ६६७ मिटर उचाई रहेको बाँस खोला स्थित भेरी नदि नगरपालिकाको सबै भन्दा होचो स्थान हो । वडा नम्वर ४ को मालिका लेख वडा नम्वर ६ को खागल वडा नम्वर १४ को दयालेक यस नगरपालिकाका अग्ला स्थान हरु हुन जो १५१२ मिटर भन्दा बढि उचाईमा रहेका छन ।

चौरजहारी नगरपालिकाको क्षेत्रफल १०७.३८ वर्गकिलोमिटर छ भने २०६८ को जनगणना अनुसार २७४३८ जनसङख्या रहेको छ । विजयश्वरी डाँडा केन्द्र तोकिएको यस नगरपालिकालाई १४ वटा वडामा विभाजन गरिएको छ ।

आफनै भौगोलिक धार्मिक ऐतिहासिक, राजनैतिक र सामाजिक महत्व र विशेषता रहेको छ । ब्राह्मण क्षेत्री दलित जनजाति अल्पसङख्यक लगायतको मिश्रीत बसोबास रहेको यस

नगरपालिकामा बाहुन, ठकुरी, मगर, कामी, दमाई, कुमाल, बादी, बटाला, बस्नेत, खत्री, भण्डारी, ओली, बनगोसाई, विष्ट, पुन, घर्ती, थापा, जातजातीहरु बसोबास गर्दछन ।

## ३.२ अनुसन्धानको ढाँचा

कुनैपनि प्रस्तावित अनुसन्धान कार्यमा अपनाउनुपर्ने सम्पुर्ण कार्य विधिको पुर्व तयारी स्वरुप तयार पारिएको बृहत योजनालाई अनुसन्धान ढाँचा भनिन्छ । यो अनुसन्धान शोधपत्रमा मुख्यतया वर्णनात्मक विधी प्रयोग गरी अध्ययन गरिएको छ । किनभने अध्ययनलाई पुर्णता दिनको लागी कुनै एक प्रक्रियालाई अपनाउनु पर्दछ । प्रक्रियागत ढंगले अनुसन्धान गर्दा लक्ष्यमा पुग्न सजिलो हुन्छ। वर्णनात्मक विधिले कुनैपनि विषयवस्तुलाई सजिलै बुझ्न सकिन्छ त्यसैले यस अनुसन्धानमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ। सामान्यतया परिमाणात्मक तथ्यहरु संकलन गरी यस अध्ययनलाई अझ सुदृढ बनाईएको छ। जसका लागी सङ्ख्यात्मक तथ्यांक बढी प्रयोग गरिएता पनि गुणात्मक तथ्यांकको पनि त्यतिकै महत्व दिईएको छ । वर्णनात्मक विधिको प्रयोग गरि अध्ययन क्षेत्रमा बसोबास गर्ने बैदेशिक रोजगारमा गएका व्यक्तिहरुको घरपरिवारमा आएको सामाजिक, आर्थिक, शैक्षिक र व्यक्तिगत अवस्थाको बारेमा वर्णन गरिएको छ ।

## ३.३ अनुसन्धानको प्रकृति र स्रोत

अध्ययनको क्रममा सङ्ख्यात्मक र गुणात्मक दुवै प्रकारको तथ्यांक संकलन गरिएको छ । सङ्ख्यात्मक अर्न्तगत परिवारको सदस्य संख्या, रेमिटयान्स, वैदेशिक रोजगारमा जानु पहिले र पछाडीको पेशा, तथा शैक्षिक अवस्थाहरुलाई समेटिएको छ भने गुणात्मक पक्षमा लैङगिक भुमिका, सामाजिक संस्कार, रहन सहन आदि पक्षलाई समेटिएको छ । यस्तो तथ्यांक संकलनको लागि प्राथमिक र द्धितिय दुबै प्रकारको स्रोत अबलम्वन गरिएको छ । प्राथमिक स्रोत : अनुसन्धान कर्ताले अध्ययन क्षेत्रमा आफै उपस्थित भई अध्ययनको लागी आवश्यक तथ्यांक वा सुचना संकलन गर्नु प्राथमिक स्रोत हो । जस्तैः- बैदेशिक रोजगारमा गएका घरपरिवार सँगको छलफल र सोधपुछ बाट प्राप्त जानकारी, बैदेशिक रोजगारमा गएका व्यक्तिसँगको कुराकानी, वा अन्तवार्ता अध्ययन स्थलमा प्राप्त सुचना तथ्यांक आदि ।

द्धितीय स्रोतः बैदेशीक रोजगार सँग सम्बन्धित शोधपत्र, पत्रपत्रीका, पुस्तक आदि बाट प्राप्त जानकारी हुन ।

## ३.४ समग्रता र नमुना छनोट

अनुसन्धानमा समग्र क्षेत्रको अध्ययन गर्ने कठिन हुन्छ किनभने समग्रतामा एकाई नम्बर बढी हुन्छ त्यसैले सबै एकाईहरुको अनुसन्धान सुविधाको लागि समग्रको प्रतिनिधित्व हुने गरि केहि अंश छनोट गरि अध्ययन क्षेत्रको बैदेशिक रोजगारमा गएका घरपरिवार बाट अध्ययनका लागी आवश्यक सुचना जानकारी संकलन गरिएको छ। राष्टिय जनगणना २०६८ का अनुसार यस अनुसन्धानका लागि छनोट गरेको क्षेत्रको कुल घरपरिवार संख्या जम्मा ३७६ रहेकोमा जसमध्ये बैदेशिक रोजगारमा संलग्न रहेको घरपरिवारको संख्या जम्मा १५० रहेको छ। (स्रोत:जिल्ला विकास समिती रुकुम (पश्चिम) जसमध्ये अध्ययन गर्नेका लागि जम्मा १५० घरपरिवारको २० प्रतिशत दैबिक नमुना छनोट (Random sample) को आधारमा यहाँ ३० घर परिवारलाई अध्ययनको लागि छनोट गरिएको छ । यसरी बैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको घरपरिवारको अध्ययन गरी बैदेशिक रोजगारीले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिवर्तनलाई अध्ययन गरिएको छ ।

## ३.५ तथ्यांक संकलन विधि

कुनै पनि विषयको अध्ययन र अनुसन्धानमा तथ्यांक संकलन विधीको ठुलो भुमिका हुन्छ । अध्ययनको आशातित परिणाम पनि तथ्यांक संकलन विधिमा निर्भर रहन्छ अध्ययन कार्यलाई व्यवस्थित र पुर्ण बनाउनको लागी पनि तथ्यांक संकलन आवश्यक पर्दछ। त्यसकारण तथ्यांक संकलनका लागी आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा बसोबास गरी त्यहाँका बासिन्दाहरुसँग आत्मियता तथा सह सम्बन्ध कायम गरी अध्ययनलाई अगाडी बढाईएको छ। साथै यस अध्ययनमा निम्न विधिहरु प्रयोग गरिएका छन ।

### ३.५.१ घरधुरी सर्वेक्षण प्रश्नावली

यस अध्ययन क्षेत्रमा जम्मा ३७६ घरधुरी रहेका छन । (राष्टिय जनगणना २०६८,अनुसार) यो द्धितिय स्रोतबाट लिईएको तथ्यांक हो । विषय वस्तुको उद्देश्य अनुसार वैदेशिक रोजगारमा संलग्न व्यक्तिका ३० घरधुरीलाई नमुनाको रुपमा लिईएको छ। जसमध्ये नमुना छनोट स्वरुप बैदेशिक रोजगारमा संलग्न परिवारको घरमुली सँग पारिवारिक, आर्थिक, सामाजिक पक्षहरुको बारेमा तथ्याक संकलन गरिएको छ। यसरी वैदेशिक रोजगारमा जानु अघि र गईसकेपछीको आर्थिक सामाजिक परिवर्तनको बारेमा तथ्यांक संकलन गरिएको छ। यो प्राथमिक स्रोतबाट लिईएको तथ्यांक हो ।

## ३.६ तथ्यांक विश्लेषण र प्रस्तुतिकरण

अध्ययन क्षेत्रको उद्देश्य सँग सम्बन्धित भएर संकलित विभिन्न प्रकारका तथ्यांकहरुलाई हेरि आवश्यकता अनुसार संख्यात्मक र व्याख्यात्मक रुपमा वर्गिकरण गरेर विश्लेषण गरिएको छ । संकलित तथ्यांकलाई विश्लेषण गर्नुपूर्व सबैले बुझ्ने गरी सरल तरिकाले तालिकिकरण गरि प्रतिशतको रुपमा प्रस्तुत गरिएको छ। तथ्यांकका. प्रकृति हेरि सङख्यात्मक र व्याख्यात्मक रुपमा  सरल तरिकाले बुझ्ने गरी तालिकिकरण गरी विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

यस अनुसन्धानको कार्य क्षेत्र रुकुम जिल्ला अन्तर्गतको चौरजहारी नगरपालिका वडा नं १० बाट वैदेशिक रोजगारमा संलग्न भएको केही व्यक्तिहरुलाई छनोट गरिएको छ। यस अध्ययनले सबै समाजको पतिनिधित्व गर्न सक्दैन वैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण पक्षहरुलाई समेटिएको छैन । जसले गर्दा यस अध्ययन विषयको बारेमा मात्र अध्ययन गरिने शीर्षक अनुसार उचीत नहुन सक्छ । यो अध्ययन गर्दा समयको सीमा र आर्थिक कुराहरुको सिमा भित्र गरिएको छ। यस अध्ययनमा बैदेशिक रोजगारमा जाने व्यक्तिहरुको अध्ययन गर्न क्रममा भारत बाहेक अन्य देशमा गई गरिने रोजगारीको मात्र अध्ययन गरिएको छ। किनकि भारतमा जानको लागी कुनै रोकटोक बिना र राहदानीको आवश्यकता पर्दैन । राहदानीद्धारा प्रवेश गर्न पाउने देशहरुमध्ये केही देशहरुलाई मात्र समावेश गरिएको छ। ती देशहरु यस प्रकार रहेका छन दुबई, मलेशिया, कतार, कुबेत, साउदीअरब, जापान ।

# अध्याय : चार

# अध्ययन क्षेत्रका उतरदाताहरुको सामाजिक तथा जनसांख्यिकीय विशेषताहरु

## ४.१ अध्ययन क्षेत्र चौरजहारी नगरपालिका वडा नं १० खोलागाँउको जनसंख्या

अध्ययन क्षेत्र चौरजहारी नगरपालिका वडा नं. १० खोलागाँउको कुल जनसंख्या १९९१ रहेको छ। जसमा पुरुषको संख्या ९३५ छ भने महिलाको जनसंङख्या १०५६ रहेको छ। यस वडाको कुल घरपरिवार संख्या ३७६ रहेको छ। यस वडामा सबै थरिका जातजातीको वसोवास रहेको भएता पनि मगर, क्षेत्री जातिको बाहुल्यता रहेको पाईन्छ। यस शिर्षक अर्न्तगत बैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको पारिवारिक विवरण बारे अध्ययन एवंम प्रस्तुतीकरण गरिएको छ। जसमा सहभागीहरुको पारिवारिक विवरण अर्न्तगत उमेर लिङ्ग पारिवारिक संरचना जाति पेशा जमिन आम्दानी पशुपन्छी घरको किसिम आदिको बारेमा तालिका वनाई विश्लेषण गरिएको छ।

**चौरजहारी नगरपालिकाको जनसांङखिकीय विवरण (राष्टिय जनगणना २०६८ अनुसार)**

| वडा नम्वर | पुरुष | महिला | जम्मा | घरधुरी संङख्या |
|---|---|---|---|---|
| १ | १३९५ | १४२० | २८१५ | ६०९ |
| २ | ६९३ | ७२८ | १४२१ | २६८ |
| ३ | ७८६ | ९२९ | १७१५ | ३६८ |
| ४ | ९२९ | ९५३ | १८८२ | ३५९ |
| ५ | ७६६ | ८९१ | १६५७ | ३२१ |
| ६ | ९१८ | २०२९ | २९४७ | ३६९ |
| ७ | ६९८ | ८०१ | १४९९ | ३०१ |
| ८ | ९२० | १०१७ | १९३७ | ४०१ |
| ९ | ५७४ | ६८८ | १२६२ | २६८ |
| १० | ९३५ | १०५६ | १९९१ | ३७६ |
| ११ | ९९८ | १०२१ | २०९१ | ४१० |
| १२ | १०४६ | १०६९ | २११५ | ४०१ |
| १३ | ११५३ | १२८६ | २४३९ | ४४३ |
| १४ | १३१६ | १५०५ | २८२१ | ५३३ |
| **जम्मा** | **१३१२७** | **१५३९३** | **२८५२०** | **५४२७** |

(श्रोत रा.ज.ग. २०६८, के.त.वि. )

## ४.२ बैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरगत विवरण

कुनै पनि स्थान विशेषमा रहेको जनसंख्या तथा सामाजिक अवस्थालाई त्यहा रहेको उमेर र लिङ्ग ले निर्धारण गर्दछ। अध्ययन क्षेत्रबाट बैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेर हेरेर कुन उमेर समुहका व्यक्तिहरु बैदेशिक रोजगारमा संलग्न छन जसबाट समाजमा कस्तो खालको प्रभाव परेको छ भन्ने कुराको अनुमान लगाउन सकिन्छ। तसर्थ तालिका नं २ मा बैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरगत विवरण प्रस्तुत गरिएको छ।

**तालिका नं २ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरगत विवरण**

| उमेर समुह | उतरदाताको जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | १५ | ५० |
| ३१-४० | १० | ३३.३३ |
| ४१ भन्दा माथि | ५ | १६.६६ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७८

तालिका नं. २ को आधारमा विभिन्न उमेर समुहका २० देखि५० वर्ष सम्मका व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न भएको पाईयो। त्यसमध्ये उमेरगत अध्ययन सबैभन्दा बढी २० देखी ३० वर्ष उमेर समुहका व्यक्तिको संख्या नै वैदेशिक रोजगारमा गएको पाईयो जसलाई हामि सक्रिय जनशक्तिको रुपमा लिन्छौ। जुन उमेर समुह परिवार समाज तथा राष्ट्को विकासको लागी आवश्यक जनशक्ति हो। देशमा रोजगारीका अवसरहरु नपाउदा, उच्च शिक्षा हासिल गर्नका लागी आवश्यक रकमको अभाव र गरिबिको कारण आफनो परिवार पाल्ने जिम्मेवारी आफुमा आईपर्दा वैदेशिक रोजगारमा संलग्न हुने गरेको पाईन्छ। अध्ययनको क्रममा यहि उमेर समुहका व्यक्ति नै वैदेशिक रोजगारमा संलग्न रहेको पाईयो। यसरी माथीको तालीकालाई विश्लेषण गर्दा काम गर्नका लागि सक्रिय जनशक्ती बाहिरिएको देखियो भने गाँउमा वा स्वदेशमा आफनो योग्यता अनुसारको रोजगारीको अवसर नपाउनु,गरिवि, उच्च शिक्षा लिनको लागि आवश्यक रकम उपलब्ध नहुनु, बेरोजगारी आदि कारणले वैदेशिक रोजगारमा गएको भनेर भन्न सकिन्छ ।

## ४.३ जातिगत विवरण

कुनै पनि समाजमा विभिन्न जातजातिहरुको बसोबास रहने गर्दछ। हाम्रो समाजमा जातिगत आधारमा काम वा पेसाको बाँडफाँड रहेको अवस्था भएतापनि तर अहिले आएर वैदेशिक

रोजगारमा सबै जातजातीहरुको संलग्नता रहेको देखिन्छ । जसले गर्दा समाजमा म ठुलो वा सानो जात भन्ने भन्दा पनि वैदेशिक रोजगारमा संलग्न हुनका लागि जाति विशेष नभएर व्यक्तिको चाहना, इच्छा र वाध्यताले निर्धारण गरेको पाइएको छ । यसै सर्न्दभमा अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न जातिहरुको विवरणलाई तालिका नं ३ मा देखाइएको छ ।

**तालिका नं ३ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको जातिगत विवरण**

| जाती | उतरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| मगर | ८ | २६.६६ |
| क्षेत्री | ९ | ३० |
| बाहुन | ७ | २३.३३ |
| द्यलित | ६ | २० |
| जम्मा | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

यस तालिका न- ३ को अध्ययन गर्दा यस क्षेत्रबाट सबै जातजातीका व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न रहेको पाईन्छ । बैदेशिक रोजगार सँग जातको कुनै सम्बन्ध छैन तर पनि तुलनात्मक रुपमा क्षेत्रिहरु सबैभन्दा बढी बैदेशिक रोजगारमा संलग्न भएको देखिन्छ। त्यसैगरी यस अध्ययन क्षेत्रका व्यक्तिहरु बैदेशिक रोजगारमा संलग्न भएपछि आफनो परम्परागत रुपले अपनाएको पेशामा परिवर्तन आएको देखिन्छ। उनिहरु पहिले परम्परागत कृषि पेशामा संलग्न थिए भने अहिले आएर उनिहरु परम्परागत कृषि पेशालाई छोडेर आधुनिक तरिकाले कृषि व्यवसाय गरेको पाईन्छ । खेती गर्दा आफुलाई खानाको लागि मात्र नभएर अहिले उनिहरु आफनो आर्थिक उर्पाजनको लागी पनि खेति गरेको देखियो । त्यसैगरि व्यापार व्यवसायलाई पनि  व्यवस्थित ढंगले गरेको पाईयो । त्यस्तै दलित समुदायहरु पनि आफनो पुरानो पेशा छाडि अन्य पेशा अपनाइएको देखियो । हाम्रो समाजमा रहेको जातिगत पेशा वा परम्परागत पेशामा अहिले आएर विस्तारै परिवर्तन भएको देखियो । जुन कुरालाई हामि सामाजिक सांस्कृतिक परिवर्तनका रुपमा लिन सक्छौ ।

यसका साथै वैदेशिक रोजगारमा संलग्न भएर आएका विभिन्न जातजातीहरुमा जातिगत विभेद कम भएको देखियो । वैदेशिक रोजगारबाट फर्किएका एक उत्तरदाताको अनुसार वैदेशिक

रोजगारमा संलग्न रहदाँ उनिहरु संगसगै काम गर्ने खाने सुत्ने गरेको कुरा बताए। हाल आएर उनिहरु विच घर भित्रै बसेर संगसंगै नखाए पनि आफनो घर बाहिर अर्थात होटल विवाह, पिकनिक आदिमा संगै बसेर खाने गरेको बताए। यस कुरालाई पनि हामि सामाजिक सम्बन्धमा आएको परिवर्तनको रुपमा लिन सक्छौ। यसरी वैदेशिक रोजगारले गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्वन्धित क्षेत्रका सामाजिक सम्बन्धमा परिवर्तन आएको देखियो।

## ४.४ वैदेशिक रोजगारमा जानुपर्ने कारण

नेपालीहरु वैदेशिक रोजगारमा जानुका थुप्रै कारणहरु रहेका छन। जस्तैः नेपालमा भएको बेरोजगारी समस्या र गरिबीले गर्दा आफनो जिवनशैली सरल र सहज पार्नका लागी विविध अवसरको खोजी, धेरै अवसर, राम्रो जिवनयापन, अध्ययन, स्वतन्त्रता, धेरै कमाई आदी जस्ता कारणले गर्दा रोजगारीको लागी विदेश जाने क्रम बढीरहेको छ। नेपालबाट दिनप्रतिदिन हजारौको संख्यामा नेपाली दाजुभाई हरु कामको शिलशिलामा विदेशिने गरेको पाईन्छ। नेपालबाट वैदेशिक रोजगारमा दक्ष जनशक्ती बाहिर जानुको प्रमुख कारण गरिबि पनि हो। गरिब त्यस्तो अवस्था हो जुन अवस्थामा मानिसले आफना आधारभुत आवश्यकताहरु सजिलै परिपूर्ति गर्न सक्दैन। गाँस, बाँस, कपासको लागि अत्यन्तै कष्ठ गर्नुपर्न हुन्छ शिक्षा स्वास्थ्य मनोरञ्जन जस्ता सेवा सुविधाहरु उपभोग गर्न पाउदैन। तसर्थ मानिसले यस्ता समस्याहरुबाट मुक्त हुनका लागी आफनो जिवनलाई सरल र सहज बनाउनको लागी आफनो परिवारको इच्छा आंकाक्षाहरु पुरा गर्नको लागी विदेशिने गरेको पाईन्छ। त्यस्तै नेपालबाट बैदेशिक रोजगारको लागी जानुको अर्का कारण हो बेरोजगारी नेपालमा बेरोजगारी समस्या दिनप्रतिदिन बढदै गईरहेको छ। बेरोजगारी यस्तो अवस्था हो जुन अवस्थामा व्यक्तिले काम गर्न इच्छा हुदा पनि काम गर्न वातावरण पाएको हुदैन राज्यको कमजोर निति र अव्यवहारिक शिक्षा प्रणालीले गर्दा स्वदेशमा रोजगारीका अवसरहरु नपाउनाले, आफनो योग्यता अनुसारको काम नपाउनाले मानिस वैदेशिक रोजगारमा संलग्न भएको विभिन्न अध्ययन अनुसन्धानले बताउदछ। यसै सन्दर्भमा अध्ययनक्षेत्रका मानिसहरु वैदेशिक रोजगारमा संलग्न हुनुको कारण लाई तालिका न ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नम्वर- ४ वैदेशिक रोजगारमा जानुपर्ने कारणहरुको विवरण**

| विवरण | मगर | क्षेत्री | बाहुन | द्यलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| गरिविको कारण | ३ | ३ | २ | २ | १० | ३३.३३ |
| बेरोजगारी | २ | २ | २ | १ | ७ | २३.३३ |
| साथिभाइको देखासिकी | १ | १ | १ | १ | ४ | १३.३३ |
| ऋण तिर्ने | २ | ३ | २ | २ | ९ | ३० |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका नम्बर ४ मा वैदेशिक रोजगारमा जानुपर्ने कारण के हो भन्ने सम्बन्धमा विश्लेषण गर्दा सबैभन्दा बढी गरिबिको कारण वैदेशिक रोजगारमा संलग्न हुनुपरेको भन्ने जम्मा ३३.३३ प्रतिशत  घरपरिवार रहेको पाईयो । यस अध्ययन क्षेत्र भौगोलिक दृष्टिकोणले पनि विकट र राज्यको पँहुच बाट पनि टाढा रहेको कारण राज्यबाट पाउने सेवा सुविधा पनि नपाउने विकासमा पछाडी परेको कारण राम्रो शिक्षा दिक्षा प्राप्त गर्न गाह्रो परम्परागत कृषि प्रणाली, र उत्पादनशिल भुमिको न्युनताले गर्दा पनि त्यहाका मानिसहरु गरिव भएको देखिन्छ । गरिबिको कारण औषधि उपचारमा समस्या, बालबालिका कुपोषित हुने हुँदा यस्ता समस्याहरुलाई केहि हदसम्म भएपनि टार्नका लागी यस क्षेत्रका मानिसहरु बैदेशिक रोजगारमा जाने गरेको पाईयो । त्यस्तै ऋण तिर्नका लागि वैदेशिक रोजगारमा जान बाध्य भएका ३० प्रतिशत रहेका छन । गरिविका कारण गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य,जस्ता आधारभुत आवश्यकता पुर्ति गर्नका लागि आफनो आयस्रोत नहुँदा मानिसहरु ऋण गरेर पनि आवश्यकता पुर्ति गनुपर्ने हुन्छ । यसर्थ यस क्षेत्रका मानिसहरु पनि विविध आवश्यकता पुर्तिको लागि लिएको ऋण तिर्नको लागि बैदेशिक रोजगारमा जाने गरेको यस अध्ययनबाट प्रष्ट् हुन्छ । बेरोजगारीको कारण बैदेशिक रोजगारमा संलग्न २३.३३ प्रतिशत रहेको पाईयो । नेपालमा बेरोजगारी दर दिन प्रतिदिन बढदै गएको पाईन्छ । देशमा अस्थिर सरकार, निर्वाहमुखि कृषि प्रणाली, निर्यातमुखि नभई आयातमुखि व्यापार हुँदा व्यापार घाटा जस्ता कुराहरुले गर्दा देशमा रोजगारीको सिर्जना हुन सकेको छैन । देशको जनशक्ति व्यवस्थापन गर्नेका लागी आवश्यक नितीको अभावका कारण बेरोजगारी सिर्जना भएको छ जसको कारण नेपालि युवाहरु विदेशिन बाध्य भएका छन । यसैको प्रभाव स्वरुप यस क्षेत्रका मानिसहरु पनी आफनो देश छोडेर विदेशिन बाध्य भएको देखिन्छ । त्यस्तै कुनै कुनै व्यक्तिहरु साथिभाईको देखासिकी गरेर पनि

विदेश जाने गर्दछन । जस्तो विदेशमा गएका व्यक्तिहरुको लवाईखवाई, रहनसहन, आर्थिक समृदि  पारिवारिक सन्तुष्टि् देखेर पनि विदेश जाने गरेको पाईएको छ । यस अध्ययन क्षेत्रबाट १३.३३ प्रतिशत बैदेशिक रोजगारमा गएको पाईएको छ ।

यसरी वैदेशिक रोजगारमा संलग्न हुनुपर्ने कारण सम्बन्धलाई तुलना गर्दा सबैभन्दा बढी गरिबिको कारण र त्यसपछि ऋण तिर्ने र बेरोजगारी र सबैभन्दा कम साथिभाईको देखासिकीले भन्ने देखियो । तसर्थ आफनो क्षेत्रमा रोजगारका अवसर पाएका युवाहरु पनि त्यस रोजगारबाट आम्दानि कम भएकाले अर्थात आर्थिक स्थितिमा सुधार नभएकाले बढी आम्दानी गर्नका लागी र साथीभाई गएको देखेर पनि वैदेशिक रोजगारमा संलग्न हुनुपरेको बताएका छन । यसबाट स्वदेशमा रोजगारीको वातावरण भए बैदेशिक रोजगारमा आफनो घर परिवारलाई छोडेर विदेशि भुमिमा आफनो जिउ ज्यानको माया मारी काम गर्नुका पछाडी यस्तै थुप्रै कारण रहेको भनेर भन्न सकिन्छ ।

# अध्याय - ५

# वैदेशिक रोजगार र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिवर्तन

यस अध्ययनमा वैदेशिक रोजगार र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिवर्तनको सन्दर्भका बारेमा विश्लेषण गर्नका लागि विभिन्न शिर्षक तालिका बाट र वैदेशिक रोजगारमा संलग्न व्यक्तिका व्यक्तिगत भोगाईका कुराहरु अर्न्तवार्ता, वैयक्तिक अध्ययन तथा समुह छलफल विधिबाट प्रष्ट पार्ने कोशिस गरिएको छ ।

## ५.१ वैदेशिक रोजगारको इतिहास

सामान्य तया एक देशको श्रमिक अर्को देशमा रोजगारको लागि जाने परिपाटि बाट नै वैदेशिक रोजगारको सुरुवात भएको हो । वैदेशिक रोजगारको सुरुवात को इतिहास धेरै पहिला देखि भएता पनि नेपाल बाट विदेश जाने थालनि करिव २०० वर्ष अघि देखि भएको पाइन्छ । सर्वप्रथम वैदेशिक रोजगारको सुरुवात ब्रिटिश गोंखा सेना बाट भएको हो । विगत २० वर्ष यता देखि नेपालि कामदारहरु मुख्य रुपमा खाडि मुलुक तथा मलेसियामा संस्थागत रुपमा वैदेशिक रोजगारका लागि जाने गरेको पाइन्छ । वैदेशिक रोजगार हाल वाध्यात्मक हुनुको प्रमुख कारण देशमा भएको वेरोजगारी समस्या, राजनितिक अस्थिरता तथा स्वदेशी उद्योग तथा कलकारखाना क्रमशःवन्द हुदै जानु पनि हो । नेपालिहरु विदेशिनुमा शिक्षित तथा वौदिक वर्गले पनि आफनो क्षमता अनुसारको रोजगार नपाउनु रोजगारका अवसर कम धेरै कमाई गर्ने घरेलु उद्योगबाट उत्पादित सामानले विदेशी उत्पादन संग प्रतिर्स्पधा गर्न नसकेर उद्योग धन्दा हरु धरासायी बन्न पुग्यो । यसरी नेपालिहरु रोजगारको लागि विदेश जाने प्रचलन शुरु भएको हो ।

यसै सर्न्दभमा अध्ययन क्षेत्रका व्यक्तिहरु धेरै अगाडि देखि कामको शिलशिलामा भारत का विभिन्न ठाउँमा गएको भएतापनि यस अध्ययनमा भारत बाहेकका अन्य मुलुकहरुमा रोजगारिका लागि गएको व्यक्ति लाई मात्र संलग्न गराएकाले वैदेशिक रोजगारमा जाने चलन निकै पछि बाट भएको पाईन्छ । सर्वप्रथम यस क्षेत्रबाट वि.स. २०६४ सालमा मगर समुदायका एकजना व्यक्ति वैदेशिक रोजगारका लागी मलेशिया गएका थिए त्यसबेला देखि अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जाने चलन शरु भएको थियो ।यस समयमा वैदेशिक रोजगारमा जाने व्यक्तिलाई औलामा गन्न सकिने उतरदाताहरुले बताए । त्यसबेला बैदेशिक रोजगारमा

गएका व्यक्तिको आर्थिक अवस्थामा धेरै सुधार आएकाले समाजमा उनको राम्रो छाप रहेको कुरा बताए ।त्यस समयमा कमाएको कमाईले उनको पारिवारिक जिवनमा धेरै परिर्वतन ल्याउनसफल भएको कुरा उतरदाताले बताए । वैदेशिक रोजगारमा जानु अघि उ र उसका परिवार आफनै खेतमा काम गर्ने गर्दथे भने अहिले उनले मलेशियाको कमाईले नेपालगञ्जमा घडेरी किन्नुका साथै अरुलाई पैसा ऋृण दिने र सरसापट दिने भएका छन । जसले गर्दा अध्ययन क्षेत्रका व्यक्तिहरुको पनि वैदेशिक रोजगारप्रति आकर्षण हुन थालेको कुरा उतरदाताले बताए । यसपछि बैदेशिक रोजगारको लागि अन्य देशमा जाने क्रम क्रमश वृद्धि हुदै गएको बताए । खाँडी मुलुकमा जानको लागि करिब १३०००० सम्म लागत लगाएर विभिन्न मेनपावर तथा दलालमार्फत युवाहरु विदेशिने क्रम बढेको छ । यसरी बैदेशिक रोजगारमा जाने संख्या वृद्धि हुनुको कारण देशमा भएको राजनैतिक अस्थिरता, बेरोजगारी जस्ता समस्याले गर्दा यस क्षेत्रबाट वि.स.२०६४ देखि वि.स. २०७८ सम्म यस क्षेत्रबाट खाँडी मुलुकहरुमा जाने युवाहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ ।

## ५. वैदेशिक रोजगारले समाजमा पारेको परिवर्तन सम्बन्धि विश्लेषण

नेपाली समाजमा वृद्धि हुदै गईरहेको वैदेशिक रोजगारले कसरी समाजलाई परिवर्तन गरेको छ । यसले समाजको सकारात्मक पक्षमा कस्तो असर पारेर सम्बन्धित देशमा गएका कामदारलाई राम्रो भविष्य दिन सक्ला वा नसक्ला भनेर अध्ययन गरिएको छ । देशमा रोजगारीको अवस्था सिर्जना हुन नसके पछि यसको निकास खोज्नु स्वभाविकै हो । नेपाल सरकारले संस्थागत रुपमा हाल ११० र व्यक्तिगत रुपमा १६७ वटा देशमा जानको लागी खुल्ला गरिएको छ ।

जोखिमपुर्ण, कठिनाई र फोहोर नेपाली हरुले विदेशमा गएर गर्ने मुख्य काम हरु हुन । नेपालि नागरिकहरु यस्तो कामका लागी जान बाध्य छन । यसबारे सरकारले त्यती चासो दिइएको पाईदैन हालमात्र आएर ६ देशमा फ्री भिषा फ्री टिकट तथा न्युन शुल्कमा बिदेश पठाउने निती सरकारले ल्याए पनि कार्यान्वयनमा नभएको देखिन्छ । विदेश पठाईदिने र पठाउने दलाल र म्यानपावर कम्पनिहरु पनि हाल सम्म स्थापित रहिरहेका र सरकारको फितलो कानुन कार्यान्वयनले गर्दा हालसम्म यस्ता संघ संस्था र निकायहरु दिन प्रति दिन झन झन बलियो र फर्किदै गएको देखिन्छ । हाल वैदेशिक रोजगार ले कुल गार्हस्थ उत्पादनमा २७ प्रतिशत योगदान पुयाएको छ । विदेशमा नेपाली कामदारलाई प्राय अदक्ष कामदारको रुपमा मान्दै आएको छ ।

यस अध्ययनमा नेपालको अव्यवहारिक शिक्षा नितीका कारण शिक्षित युवाहरु पनि थोरै तलवमा विदेशमा गएको पाईन्छ । जसको कारण अन्य देशमा कामदार र नेपाली कामदारको बिचमा पारिश्रमिकमा पनि विभेद भएको बताए । वैदेशिक रोजगारले नेपाली समाजमा सामाजिक तथा आर्थिक परिवर्तनमा सकारात्मक प्रभाव पारेको छ। तसर्थ उनिहरुको परिवारमा वैदेशिक रोजगारको आम्दानिले आर्थिक तथा सामाजिक स्थितीमा सुधार ल्याएको देखिन्छ ।

## ५.३ आर्थिक परिवर्तन

आर्थिक परिवर्तन भन्न वितिकै आर्थिक सुचकमा आएको बढोतरी, गरिब बाट धनी हुनु, प्रतिव्यक्ति आय, कुल रीष्ट्य आयमा आएको सकारात्मक परिवर्तन भन्ने बुझिन्छ। व्यक्तिको आर्थिक अवस्थामा सुधार आएमा राष्ट्को आर्थिक स्थितिमा पनि सुधार आँउछ। आर्थिक वृद्धि उच्च, दिगो र फराकिलो हुँदै जाँदा आर्थिक विकास हुन्छ । आर्थिक परिवर्तन राष्ट्को सबै पक्षको विकास भएको समृद्धिको अवस्था हो । आयको समानुपातिक वितरणको पूर्ण विकास भएको अवस्थाले गर्दा यसमा रोजगारी सिर्जनाको ग्यारेन्टि भई गरिबि न्युनिकरण हुन्छ । नेपालमा आर्थिक विकासमा विप्रेषणले महत्वपुर्ण भुमिका खेलेको छ । हाल नेपालको कुल गाह्र्स्थ उत्पादनमा ३० प्रतिशत योगदान विप्रेषण रकमले पुयाएको छ । विप्रेषण भनेको बैदेशिक रोजगारबाट प्राप्त हुने रकम हो । तसर्थ आर्थिक परिवर्तनमा वैदेशिक रोजगारले महत्वपुर्ण भुमिका खेलेको छ। वैदेशिक रोजगार बाट प्राप्त रकमले घर बनाउने, जग्गा किन्ने, पारिवारिक ऋण तिर्ने, आदि कार्यमा सघाउ पुयाउने भएकोले केहि हद सम्म भएपनि आर्थिक अवस्थामा सुधार आएको छ। तर यो दिर्घकालिन आर्थिक परिर्वतनको सम्बाहक भने होईन । मानिसको आर्थिक समृद्धिबाट नै सामाजिक विकासमा सघाउ पुयाउदछ। जस्तै शिक्षा, स्वास्थ्य, व्यापार, मनोरञ्जन, आदि क्षेत्रमा लगानी गर्नेका लागी पनि आयस्रोत हुन आवश्यक हुन्छ । बैदेशिक रोजगारले सहभागीहरुको आर्थिक स्थितिमा सकारात्मक प्रभाव पारेको देखिन्छ । रोजगारी र अर्थतन्त्रको नङ र मासुको जस्तो सम्बन्ध रहेको हुन्छ। रोजगारीले अर्थतन्त्रको सुधारमा धेरै ठुलो योगदान दिएको हुन्छ । सरकारी सुचाकाङ्कमा सकारात्मक प्रभाव परेको हुन्छ । जसले व्यक्तिको क्रयशक्तिको मात्रालाई बढाँउछ। फलस्वरुप वस्तुको मागमा वृद्धी गराँउछ । जसको कारणले सरकारी राजस्वमा समेत वृद्धी हुन्छ । सहभागिहरुका अनुसार उनिहरुको अवस्थाका बारेमा व्याख्या गरी तालिका बनाई बिश्लेषण गरिएको छ ।

## ५.४ आम्दानी

आम्दानी भन्नाले कुनै पनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा संकलित नगद वा जिन्सि लाई बुझिन्छ । जुन पेशा संग प्रत्यक्ष सम्वन्धित हुन्छ । किनकी कुनै परिवारको आम्दानिले उनीहरुको जिवनलाई सरल, सहज, र सुखमय बनाउन सघाउ पुयाउदछ। मानिसले आर्थिक क्रियाकलाप सञ्चालन गर्न नसकेको अवस्थामा वा समस्या परिरहेको अवस्थामा वैदेशिक रोजगार एउटा आम्दानिको स्रोत बनेको छ। वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा अगाडि परिवारको आम्दानीको विवरण लाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नम्वर- ५ वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी परिवारको आम्दानी**

| वार्षिक आम्दानी | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०००० सम्म | २ | २ | १ | ३ | ८ | २६.६६ |
| २१०००-४०००० | ३ | ४ | ३ | २ | १२ | ४० |
| ४१०००-८०००० | २ | २ | २ | १ | ७ | २३.३३ |
| ८१०००-१००००० | १ | १ | १ | ० | ३ | १० |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत- स्थलगत सर्वेक्षण २०७८

तालिका नम्वर ५ मा बैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको परिवारको आम्दानी लाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा संलग्न यसप्रकार वैदेशिक रोजगारमा कम आए भएका देखी बढी आए भएका सबैको संलग्नता भएको पाईन्छ ।

वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अघि सबैभन्दा बढी बार्षिक आम्दानी हुने परिवार सङख्या १० प्रतिशत मात्र रहेका छन भने त्यसपछी सबैभन्दा कम आम्दानी हुने परिवार संङख्या ६६.२६ प्रतिशत रहेका छन । यसबाट के थाहा पाउन सकिन्छ भने देशमा आफनो योग्यता र क्षमता अनुसारको रोजगारको अभाव र केही रोजगार भएपनी आम्दानी कम भएको कारण शिक्षित युवाहरु वैदेशिक रोजगार तर्फ आर्कषण बढेको देखिन्छ। वैदेशिक रोजगारमा संलग्न भएपछी तुलनात्मक रुपमा सबै समुदायको आम्दानीमा वृद्धी भएको देखिन्छ । यहाँ बस्दा मासिक रुपमा रु ५ हजार भन्दा कम आम्दानी गर्नेहरुले विदेश गएपछी २० देखि ४० हजार भएकोले आम्दानीमा वृद्धी भएको देखियो ।

**तालिका नम्वर- ६ वैदेशिक रोजगारमा संलग्न परिवारको आम्दानीमा भएको परिर्वतन सम्बन्धी विवरण**

| वार्षिक आम्दानी | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २००००-४०००० | १ | २ | १ | १ | ५ | १६.६६ |
| ४१०००-८०००० | २ | २ | २ | २ | ८ | २६.६६ |
| ८१०००-१००००० | २ | ३ | २ | २ | ९ | ३० |
| १००००० भन्दा माथी | ३ | २ | २ | १ | ८ | २६.६६ |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका न ६ अनुसार वैदेशिक रोजगारमा संलग्न भएपछी परिवारको आम्दानीमा भएको परिवर्तन सम्बन्धी विवरणलाई विश्लेषण गरिएको छ। वैदेशिक रोजगारमा संलग्न ३० घरधुरि रहेको छ। जसमा वैदेशिक रोजगारमा संलग्न भएपछी ८५प्रतिशत घरपरिवारको आम्दानीमा वृद्धी भएको देखिएको छ भने १५ प्रतिशत घरपरिवारको आम्दानीमा खासै फरक देखिएको छैन। जुन परिवारको आर्थिक अवस्था सँग जोडिएको हुन्छ। आम्दानीमा वृद्धि हुनुमा रोजगारमा सहभागी भएको सदस्यको सिप, तलब, रोजगारको लागि गएको देश तथा काम महत्वपूर्ण हुन्छ भने देश तथा राम्रो तलब सुविधा नभएकाले आम्दानीमा वृद्धि हुन नसकेको पाईयो।

## ५.५ घरको बनावट

सामान्यतया घर भन्नाले व्यक्ति तथा परिवारको बासस्थानसँग सम्बन्धित हुन्छ। घरको बनावटको आधारमा व्यक्ति वा परिवारको आर्थिक अवस्थालाई बुझ्न सकिन्छ। व्यक्तिको घरसँग सामाजिक इज्जत, मान, प्रतिष्ठा, जोडिएको हुन्छ। आफनो आयस्रोत राम्रो हुनेले राम्रो घर बनाउँदछ भने आयस्रोत राम्रो नभएको व्यक्तिले राम्रो घर बनाउन सक्दैन। त्यसैले घरको सम्बन्ध आर्थिक समृद्धि सँग जोडिएको हुन्छ। यस सन्दर्भमा वैदेशिक रोजगारमा संलग्नहरुको घरको बनावटलाई तालिका न ७ मा प्रस्तुत गरिएको छ।

**तालिका नम्वर- ७ वैदेशिक रोजगारमा संलग्न परिवारको घरको विवरण**

| विवरण | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पक्की | १ | २ | ३ | १ | ७ | २३.३३ |
| कच्ची | ३ | २ | २ | २ | ९ | ३० |
| दुवै मिश्रीत | ४ | ५ | २ | ३ | १४ | ४६.६६ |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका न ७ मा वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न ३० घरधुरी मध्ये जम्मा २३.३३ प्रतिशतको घर पक्की रहेको छ । बैदैशिक रोजगारमा गएपछी त्यहाबाट कमाएको केहि रकम जम्मा गरेर पक्की घर बनाएको अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरु बताउँछन । त्यस्तै अझै पनि ३० प्रतिशत घरपरिवार को घर कच्ची रहेको छ । उनिहरु बैदेशिक रोजगारबाट प्राप्त गरेको रकमले ऋण तिर्न र बालबच्चाको शिक्षा दिक्षामा खर्च भएकोले राम्रो घर बनाउन नसकेको गुनासो गरेका छन भने केहिले विदेशमा पनि त्यती राम्रो कमाई नभएको कारण खासै प्रगती गर्न नसकेको बताँउछन । त्यस्तै वैदेशिक रोजगारमा गएका मध्ये सबैभन्दा बढी व्यक्तिको ४६.६६ प्रतिशत को घर भने पहिलेको कच्चि घरलाई मर्मत गरेर अहिले बाहिर प्लाष्टर गरेर पुनर्निर्माण गरेको बताए । तुलनात्मक रुपमा हेर्दा वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई हेर्दा बैदेशिक रोजगारले मानिसहरुलाई केहि पहिले भन्दा राम्रो घरमा बस्न पाएको अनुभव बताए । घरको बनावटमा पनि वैदेशिक रोजगारमा संलग्न सदस्यहरु गएको देश, कमाई, समय आदिले निर्धारण गरेको देखिन्छ । राम्रो देशमा गएको र पहिले पनि आर्थिक अवस्था सामान्य नै रहेको व्यक्तिले राम्रो घर बनाएको पाईएको छ भने । अति गरिब ऋण लिएर विदेश गएकाको अवस्था फरक छ । अध्ययन क्षेत्रमा पक्की घर भन्नाले ईटा, सिमेन्टले प्लाष्टर गरेको घर, कच्चि घर भन्नाले माटो र काठबाट निर्मित घर र मिक्स घर भन्नाले पहिले कच्चि घर हाल आएर त्यसैलाई बाहिरबाट प्लाष्टर गरेको घर भन्ने बुझिन्छ । यसरी हेर्दा बैदेशिक रोजगारले धेरैहदसम्म अध्ययन क्षेत्रका मानिसहरुको आर्थिक स्तर माथी उठाँउन सहयोग गरेको छ ।

## ५.६. पूर्व पेशा

पेशा भन्नाले कुनैपनि व्यक्तिले आफनो जिवनयापन गर्नेका लागि अबलम्बन गरेको काम लाई पेशा भनिन्छ । जुन व्यक्ति स्वंयम र उसको पारिवारिक जिवनसँग सम्बन्धित रहेको हुन्छ । पेशाको सम्बन्ध प्रत्यक्ष रुपमा अर्थतन्त्रसँग हुने गर्दछ । त्यसैले वैदेशिक रोजगारीमा संलग्न हुनुअघिको पेशालाई निम्न तालिका द्धारा प्रस्तुत गरिएको छ ।

**तालिका नम्वर- ८ वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा अगाडीको पेशागत विवरण**

| पूर्व पेशा | मगर | क्षेत्री | बाउन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि | ३ | २ | २ | १ | ८ | २६.६६ |
| व्यापार | ० | १ | ० | २ | ३ | १० |
| अध्ययन | २ | ३ | २ | १ | ८ | २६.६६ |
| बेरोजगार | २ | २ | २ | १ | ७ | २३.३३ |
| मजदुर | १ | १ | १ | १ | ४ | १३.३३ |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका न ८ अनुसार वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न ३० जनालाई लिईएको छ । जसमा वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा पहिला कृषि पेशामा संलग्न २६.६६ प्रतिशत अध्ययन गरिरहेका २६.६६ प्रतिशत बेरोजगार २३.३३ प्रतिशत  मजदुर १३.३३ प्रतिशत रहेका छन भने  व्यापार व्यवसायमा १० प्रतिशत रहेका छन । यसबाट के थाहा पाउन सकिन्छ भने स्वदेशमा जिवन निर्वाह गर्नका लागी रोजगारीको अवसर नहुनु, कृषि परम्परागत हुनु वैज्ञानिक र व्यवसायीक नहुनुले प्रयाप्त मात्रामा उत्पादन गर्न नसक्नु आदि कारणले बैदेशिक रोजगारमा गएको पाईन्छ । उनिहरुका अनुसार यि पेशाहरु कृषि व्यापार, अध्ययन र मजदुरी पेशामा संलग्न भएपनि त्यस पेशाबाट प्राप्त आम्दानिले आफनो परिवारको पालनपोषण, शिक्षा आदि जस्ता कुराहरु पुरा गर्ने गाह्रो भएकाले वैदेशिक रोजगारमा जानुपरेको बताए । अर्को कुरा उनीहरुले बेरोजगारी, बढी आम्दानि र साथीभाईको साथ संगतमा लागेर पनि वैदेशिक रोजगारमा संलग्न रहेको  बताए ।

## ५.६.१ हालको पेशा

बैदेशिक रोजगारीमा संलग्न भएपछी सहभागिहरुले के कस्तो पेशा अंगालेका छन भनि निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नम्वर- ९ वैदेशिक रोजगारमा संलग्न भएपछीको पेशागत विवरण**

| हालको पेशा | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि व्यवसाय | २ | ३ | २ | १ | ८ | २६.६६ |
| व्यापार | ३ | ३ | २ | ३ | ११ | ३६.६६ |
| अध्ययन | ० | ० | १ | १ | २ | ६.६६ |
| बेरोजगार | २ | ३ | २ | १ | ८ | २६.६६ |
| मजदुर | १ | ० | ० | ० | १ | ३.३३ |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका न ९ अनुसार बैदेशिक रोजगारीमा संलग्न भएपछी अपनाएको पेशागत विवरणलाई देखाईएको छ । अध्ययन क्षेत्रमा बैदेशिक रोजगारीमा संलग्न ३० जना मध्ये सबैभन्दा बढी व्यापार व्यवसाय गर्ने ३६.६६ प्रतिशत रहेको पाईयो । तुलनात्मक रुपमा हेर्दा जो वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा पहिला १० प्रतिशत मात्र थिए वैदेशिक रोजगारबाट फर्किएपछी व्यापार व्यवसाय गर्नेको संङख्या उल्लेख्य रुपमा वृद्धी भएको पाईयो । मानिसहरु वैदेशिक रोजगारमा गएपछी केहि पैसा जम्मा गरेर व्यापार व्यवसायमा लगानि गरि पहिले भन्दा केहि सजिलो र आम्दानी हुने काममा अग्रसर भएको पाईयो । त्यस्तै कृषि बेरोजगारको मात्रा उस्तै रहेको छ भने सबैभन्दा कम अध्ययन र मजदुर गर्नेको संङख्यामा घटदै गएको पाईयो । यसरी सहभागीको भनाई अनुसार आफनो देशमा रोजगारीको अवस्था सिर्जना हुन सके आफनै देशमा केहि गरेर बस्ने वैदेशिक रोजगारमा नजाने बताए । केहि बेरोजगारहरुले राम्रो ठाँउ र राम्रो तलब पाएको अवस्थामा फेरी बैदेशिक रोजगारमा नजाने बताए । यसरी बैदेशिक रोजगारीमा संलग्न भएपछि उनीहरुको पेशामा पनि फरक परेको देखियो ।

## ५.७ वैदेशिक रोजगारमा संलग्नहरुको सामाजिक अवस्थामा आएको परिवर्तन

वैदेशिक रोजगारमा संलग्न घरपरिवारको कुराकानिको आधारमा उनिहरुको परिवारमा वैदेशिक रोजगारले के कस्तो परिवर्तन भएको छ । भनी छलफल गर्दा सहभागिहरुको भनाईलाई यहाँ प्रस्तुत गरिएको छ । वैदेशिक रोजगारको सम्बन्धले सामाजिक सम्बन्ध, शिक्षा, स्वास्थ्य, आत्मनिर्भर सामाजिक कार्य, सम्मान आदिमा परिवर्तन पारेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक परिवर्तनलाई यहाँ प्रस्तुत गरिएको छ ।

समाजमा व्यक्ती तथा परिवारको आ-आफनै भुमिका रहेको हुन्छ जसले समाजलाई निरन्तर अगाडी बढाउन महत्वपूर्ण भुमिका खेलेको हुन्छ । जसलाई व्यक्तिको पारिवारिक संरचना, शिक्षा, स्वास्थ्य, आदिले निर्धारण गरेको हुन्छ । यस सर्न्दभमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको सामाजिक अवस्थाको बारेमा जानकारी दिन बिभिन्न उपशिर्षक हरुमा तालिका बनाई व्याख्या र विश्लेषण गरिएको छ ।

## ५.७.१ पारिवारिक संरचना

परिवार प्रमुख आधारभुत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणीको रुपमा रहेको मानिस सामाजिक रुपमा रुपान्तरित हुने कार्यको थालनी हुन्छ। नेपालको सर्न्दभमा पारिवारिक बनावटको आधारमा एकात्मक र संयुक्त परिवार रहेको देखिन्छ। एकात्मक परिवारले श्रीमति र तिनिहरुका अविवाहित छोरा छोरी को संख्यालाई जनाउँदछ भने संयुक्त परिवारमा एक दम्पति तिन भन्दा बढी वा तिन पिढीका सदस्यहरु सयुक्त रुपमा बसोबास लाई जनाउँदछ । यसै गरि परिवारको पालन पोषण वा जिवनस्तरलाई माथि उठाउने वा सञ्चालन गर्नका लागि वैदेशिक रोजगार पारिवारिक संरचना संग जोडिएको छ । यसै सर्न्दभमा अध्ययन क्षेत्रको परिवारको विवरणलाई तालिका नं १० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० वैदेशिक रोजगारमा संलग्न भएकाहरुको परिवारको प्रकार**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | १८ | ६० |
| संयुक्त | १२ | ४० |
| जम्मा | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका नम्वर १० अनुसार अध्ययन क्षेत्रका जम्मा घरधुरी मध्ये एकल परिवारको बाहुल्यता देखियो । यसमा सहभागी अवलोकनका आधारमा एकात्मक परिवारमा आफना सानासाना छोरा छोरी र श्रीमती लाई छोडेर गरिवी र वेरोजगारीका कारणले विदेशमा गएको र धनका लागि आफन्त बाट टाढा रहेको अवस्था देखियो भने संयुक्त परिवारमा पनि बुढाबुढी बुवा आमालाई छोडेर पैसाको लागि विदेश गएको अवस्था देखियो । वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारले स्वदेशमा रोजगारीको अवसर भए विदेश जानु नपर्ने आर्थिक अवस्थाको लागि अर्काको देशमा जानु परेको बताए वैदेशिक रोजगारीमा संलग्न व्यक्ति आफनो घरपरिवारलाई छोडदा पिडा भएको नमिठो अनुभव सुनाए ।

यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारीमा संलग्न भईसकेपछि परिवारको जिम्मेवारी केटाकेटी हेरविचार शिक्षा दिक्षा लालन पालन स्वास्थ्य उपचार पशु पन्छि तथा वालिनाली हेरविचार आदि सवैको जिम्मेवारी महिलालाई पर्न गएको देखिन्छ। यो परिवारमा मात्र नभएर सामाजिक तहका मेला सभा समारोह बाटोघाटो निर्माण आदिमा पनि महिला नै सहभागी भएको देखियो ।

पारिवारिक संरचनामा पनि विशेष एकात्मक परिवारमा घरमुली श्रीमान वैदेशिक रोजगारमा संलग्न भएपछी एकातिर घरपरिवारको सम्पूर्ण जिम्मेवारी महिलाले बहन गर्नुपरेकोले गर्दा समाजमा महिलाहरुको लैङ्गिक भुमिकामा पनि परिवर्तन आएको मान्न सकिन्छ ।

## ५.७.२ शिक्षा

शिक्षा मानव समाजको आधारभुत तत्व हो। यसले समाज र राष्ट् निर्माणमा महत्वपूर्ण स्थान ओगटेको हुन्छ। शिक्षा बिनाको जिबन अन्धकार हुन्छ। शिक्षाले मानिसमा भएको अज्ञानतालाई हटाई मानव जिबनलाई सहि मार्गनिर्दशन गर्दछ। त्यसकारण कुनै पनि व्यक्तिका लागि शिक्षा नभईनहुने आधारभुत तत्व हो । देशमा रोजगारका अवसरहरु प्राप्त नहुँदा नेपालको शैक्षिक जनशक्ति कामको खोजिमा बिदेशमा भौतारिनु परेका छ। देशमा आफनो योग्यता अनुसारको रोजगारी नपाउँदा शैक्षिक जनशक्तिहरु बैदेशिक रोजगारी तर्फ आर्कषित हुने क्रम बढीरहेको छ। जसले समाज र राष्ट् विकासमा नकारात्मक असर पारिरहेको छ। यसै सन्दर्भमा वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको शैक्षिक विवरणलाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

**तालिका नम्वर- ११ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको शैक्षिक विवरण**

| विवरण | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| दश कक्षा भन्दा कम | ३ | ३ | २ | ३ | ११ | ३६.६६ |
| एस.एल. सी.वा सो सरह | ४ | २ | २ | २ | १० | ३३.३३ |
| प्लस टु वा सो भन्दा माथी | १ | ४ | ३ | १ | ९ | ३० |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका न ११ अनुसार वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको शैक्षिक विवरणलाई विश्लेषण गरिएको छ । जसमा निरक्षर कुनैपनि नरहेको देखियो र दश कक्षा भन्दा कम पढेका ३६.६६ प्रतिशत व्यक्तिहरु गरिबिका कारण, कोहि साथिभाईको संगतले पढन छोडेको,कोहि घरको

जिम्मेवारी आफैले समाल्नुपर्ने भएकोले पढाई छोडेर विदेश गएको पाईयो । त्यो भन्दा माथि एस एल सी वा सो सरह पढेका जम्मा ३३.३३ प्रतिशत रहेका छन । पढनका लागी आर्थिक अभाव, साहुको ऋण तिर्नका लागि घरमा कमाउने मान्छे कोहि नहँदा आर्थिक बोझ कम गर्न विदेश गएको बताउँछन । त्यस्तै प्लस टु वा सो भन्दा माथि सम्म पढेका जम्मा ३० प्रतिशत रहेका छन । उनिहरु पनि आफनो योग्यता अनुसारको काम नपाएर ,बेरोजगारीको कारण बैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

अध्ययन क्षेत्रमा कम शैक्षिक योग्यता भएका तुलनात्मक रुपमा बैदेशिक रोजगारमा बढी रहेको पाईयो भने शैक्षिक योग्यता बढी भएका बैदैशिक रोजगारमा कम गएको पाईयो । त्यो पनि खाडी मुलुकमा जानेहरुमा प्राय शैक्षिक ज्ञान सिप कम भएका राम्रो दक्ष जनशक्ति कम रहेको देखिन्छ । जसले गर्दा विदेशमा पनि राम्रो काम नपाउने,थोरै तलबमा काम गर्नुपर्ने बाध्यता रहेको छ । यसबाट के देखिन्छ भने कम शैक्षिक योग्यता भएका खाडी मुलुकमा रोजगारीको लागी संलग्न रहने र शैक्षिक योग्यता बढी भएका बिदेश जानका लागी पनि बढी पैसा खर्च गर्न सक्ने प्राय दक्षिण कोरिया,जापान र अन्य देशमा जाने गरेको पाईन्छ ।

**तालिका नम्वर- १२ वैदेशिक रोजगारमा संलग्न घरपरिवारका बालबालिकाको शैक्षिक अवस्था**

| विवरण | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| सरकारी स्कुलमा पढाँउने | ४ | ३ | ३ | ३ | १३ | ४३.३३ |
| निजि बोर्डिङ स्कुलमा पढाँउने | ४ | ६ | ४ | ३ | १७ | ५६.६६ |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

वैदेशिक रोजगारमा संलग्न घरपरिवार मध्ये ५६.६६ प्रतिशतले आफनो बालबच्चालाई निजि स्कुलमा पढाँउने गरेको पाईयो ।खासगरी सरकारी स्कुलमा शैक्षिक गुणस्तर खसिकदै गएको र निजि स्कुलमा इङ्गलिस बाट पढाँई हुने हुँदा इङ्गलिस प्रति बढदै गएको मोहका कारण आफुले सकि नसकि भएपनि निजि बोर्डिङ स्कुलमा पढाउने गरेको बताए । त्यस्तै ४३.३३ प्रतिशतले सरकारी स्कुलमा नै पढाँउने गरेको पाईयो । वैदेशिक रोजगारमा संलग्न घरपरिवारका बालबालिकाको शैक्षिक अवस्थालाई हेर्दा वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा पहिले सरकारी स्कुलमा अध्ययन गराएको पाईयो । निजि स्कुलको महंगो शुल्कको कारण आफनो आम्दानीले धान्न नसकेको कारण निजि स्कुलमा बालबालिका पढाउन नसक्ने भएको बताए । भने बैदेशिक

रोजगारमा सलग्न भएपछी बैदेशिक रोजगारमा संलग्न सबै जनाले सरकारी स्कुलमा पढेका र पढाईको स्तर पनि त्यती राम्रो नभएको कारण विशेषगरी अग्रेजि भाषाको राम्रो ज्ञान नभएका कारण विदेशमा आफुले भाषागत समस्या भोग्नु परेको बताए जसको कारणले गर्दा आफनो बालबच्चालाई निजि विद्यालयमा पढाँउदा शिक्षाको स्तरमा सुधार आउला र आफुलाई जस्तो समस्या नपरोस भनेर जसरी भएपनि निजि स्कुलमा पढाउन थालेको सहभागीहरुले बताए ।  यसरी वैदेशिक रोजगारीले शिक्षामा लगानी गर्नुपर्छ भन्ने चेतनाको विकास भएको पाईयो । यसलाई पनि सकारात्मक परिवर्तनको रुपमा लिन सकिन्छ ।

## ५.७.३ स्वास्थ्य

स्वास्थ्य मानव जिवनको अभिन्न अङ्ग हो । मानिस स्वास्थ्य ठिक हुनका लागी वा मानिस स्वस्थ्य रहनका लागी मानसिक शारिरीक बौद्धिक र सामाजिक रुपले पुर्ण तन्दुरुस्त हुनुपर्दछ । यसको लागी सन्तुलित आहारको आवश्यकता पर्दछ । राम्रो खानपान, शिक्षा, स्वास्थ्य, जस्ता आधारभुत कुराहरु परिपुर्ति गर्ने पनि आर्थिक समृद्धिले निर्धारण गर्दछ । त्यस्तै स्वस्थ रहनका लागी सरसफाई पनि महत्वपूर्ण कुरा हो रोग लागी सके पछी उपचार गर्न चेतनाको आवश्यकता पर्दछ । यसका लागी शिक्षाको आवश्यकता पर्दछ । यी यावत कुरा हरु आर्थिक सँग सम्बन्धित हुन्छन । त्यसकारण बैदेशिक रोजगारले मानिसको स्वास्थ्यलाई राम्रो बनाँउन मदत गरेको छ । मानिसको दैनिक व्यवहारमा परिवर्तन ल्याएको छ । स्वास्थ्य शिक्षा प्राप्त गर्न अवसर प्रदान गरेको छ । यसै सन्दर्भमा बैदेशिक रोजगारमा संलग्न घरपरिवारको स्वास्थ्य शिक्षामा आएको परिवर्तन लाई बुझ्न सोधिएको प्रश्नावलीलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नम्वर- १३ वैदेशिक रोजगारमा संलग्नको परिवारमा स्वास्थ्य शिक्षामा आएको परिवर्तन**

| बिरामि परेपछि उपचारको लागी | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| सरकारी अस्पतालमा | ५ | ४ | ४ | ४ | १७ | ५६.६६ |
| निजि अस्पतालमा | ३ | ५ | ३ | २ | १३ | ४३.३३ |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

बैदेशिक रोजगारमा संलग्न भएपछी तुलनात्मक रुपमा विरामी परेपछी उपचार गर्न सरकारी अस्पतालमा लिनेको संङख्या अलिकती धेरै देखिएपनि निजि अस्पतालमा उपचार गर्ने पनि धेरै मात्रामा रहेका छन । पहिलेको जस्तो विरामि परेपछी धामी झाक्रिकोमा जाने प्रचलन हटेको छ । स्वास्थ्य नै सबैभन्दा ठुलो धन हो भन्ने कुराको राम्रो ज्ञान छ । स्वास्थ्य प्रति हेर्न दृष्टिकोणमा परिवर्तन भएको छ । आफनो स्वास्थ्यको ख्याल गर्नुपर्छ भन्ने कुराको चेतनाको विकासमा पनि बैदेशिक रोजगारको देन देखिन्छ ।

## ५.७.४ बैदेशिक रोजगारबाट आर्जन गरेको रकमको उपयोग

बैदेशिक रोजगारी पारिवारिक जिविकोपार्जनको स्रोत मात्र नभई एउटा पुँजिको स्रोत पनि हो । सो पुँजि पछि विभिन्न उत्पादनमुलक क्षेत्रमा खर्च गर्न सकिन्छ । देशमा लगानिको वातावरण सिर्जना गर्न सके बैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई विभिन्न उद्योग व्यवसाय, व्यापार कृषि जस्ता क्रियाकलापमा लगाई विप्रेषणको सहि सदुपयोग गर्ने सकिन्छ । वैदेशिक रोजगारबाट आर्जन गरेको रकमलाई सहि सदुपयोग गर्न सके अनावश्यक खर्च बाट बचि परिवार तथा राष्ट्कै आर्थिक वृद्धिमा सघाउ पुग्दछ । तर देशमा लगानिको वातावरण नहुँदा बैदेशिक रोजगारबाट प्राप्त विप्रेषण अतिआवश्यक काममा मात्र नभई खानपान, मनोरञ्जन, फेसनका सामानहरु खरिद,गरगहना खरिद, कस्मेटिक सामान, स्मार्ट मोबाईल फोन, ल्यापटप, बाईक, साईकल जस्ता विलासिताका सामानहरुमा बढी खर्च हुने गरेको पाईन्छ । तसर्थ अध्ययन क्षेत्रका मानिसहरुले बैदेशिक रोजगारबाट प्राप्त रकम के कस्तो काममा खर्च गरेका छन भनि बैदेशिक रोजगारमा संलग्न घरपरिवारलाई सोधेको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नम्वर- १४ वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग सम्बन्धि विवरण**

| रकमको उपयोग | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जग्गा किन्ने | १ | १ | २ | १ | ५ | १६.६६ |
| घर बनाउने | ३ | ३ | २ | २ | १० | ३३.३३ |
| ॠण तिर्ने | २ | ३ | २ | २ | ९ | ३० |
| अन्य प्रयोजन | २ | २ | १ | १ | ६ | २० |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका न १४ अनुसार वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग के कसरी गरेका छन भनि विश्लेषण गरिएको छ अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न ३० घरपरिवार मध्ये सबैभन्दा बढी  घर बनाउने काममा खर्च गरेको पाईयो । त्यसपछी ऋण तिर्नका लागि ३० प्रतिशत घरपरिवारको रकम खर्च भएको छ । अन्य प्रयोजनमा २० प्रतिशत खर्च भएको देखिन्छ भने  जग्गा किन्नका लागि १६.६६ प्रतिशत रकम खर्च भएको पाईएको छ । यसरी तुलनात्मक रुपमा हेर्दा सबैभन्दा बढी घर बनाउन, ऋण तिर्ने र सबैभन्दा कम अन्य जस्तै बच्चा बच्चीको शिक्षा, स्वास्थ्य, औषधिउपचार, मनोरञ्जन जस्ता कार्यमा रकम उपयोग भएको देखियो । यसरी सहभागिको भनाईअनुसार वैदेशिक रोजगारीले अल्पकालिन रुपमा भएपनि गरिबि निवारण, शैक्षिक अवस्थामा सुधार र साहुको ऋणको तनावबाट समेत मुक्ति मिलेको कुरा बताए । वैदेशिक रोजगारले आफु र आफनो परिवारमा अल्पकालिन रुपमा भएपनि खुसी ल्याएको बताए । तर थोरै मात्राले भने खासै परिर्वतन नआएको बताए ।

(अध्ययन क्षेत्रमा बस्दै आएका  वर्ष ३८ का मान बहादुर के.सी. ले आफु र आफनो परिवारको जिविका चलाउनको लागी गाँउघरको साथी भाईको सहयोगमा वैदेशिक रोजगारमा जाने निर्णय गरेको बताए । शुरुमा घरमा आम्दानी नभएर घरको आर्थिक अवस्था कमजोर भएको साथै साहुको ऋणले दिनप्रतिदिन तनाव भईरहेकोले आफु विदेश गएको बताए । साथै छोराछोरीलाई राम्रो शिक्षा घरपरिवारलाई चाडपर्व मान्न, विरामी पर्दा औषधोउपचार खर्च साहुबाट ऋण लिनु पर्ने अवस्थाबाट मुक्ती पाउन साहुबाट १५०००० ऋण लिएर दुवै गएको बताए । त्यहा पुगेर उनले शुरुमा भाडा माझ्ने काम गरेको बताए, त्यस पछी आफनो इमान्दारिता र लगनशिलताले आफुलाई होटल मालिकले सेक्युरिटीमा राखेको बताए । र मासिक ७०००० कमाउने गरेको बताए । करिब ५ वर्ष समय अवधिमा वैदेशिक रोजगारबाट कमाएको रकमले ऋण तिर्ने, जग्गा किनेको र स्वदेशमा हाल खाद्यान्न पसल गर्ने गरेको बताए । र अहिले विदेशको भन्दा राम्रो कमाई यहि भएको पनि बताए । र साथै घरपरिवार सँग खुसीका साथ बस्न पाएको पनि बताए । छोराछोरी लाई बोर्डीग स्कुलमा पढाउने गरेको बताए साथै समाजमा रहेका कमाई गर्ने नसक्ने व्यक्तिहरुलाई ऋण सापट दिएर सहयोग गर्ने गरेको बताए । अहिले आफनो घर परिवारको जिवनस्तरमा सुधार आएको बताए ।

## ५.८ वैदेशिक रोजगारप्रतिको आर्कषण/ धारणा

वैदेशिक रोजगारमा संलग्न सहभागिहरुले वैदेशिक रोजगारलाई कसरी मुल्यांकन गरेका छन । अर्थात के कारणले वैदेशिक रोजगारप्रति आर्कषण बढयो भन्ने सन्दर्भमा यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नम्बर-१५ वैदेशिक रोजगारप्रतिको आकर्षण सम्बन्धि विवरण**

| विवरण | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| गरिविको कारण | ३ | ३ | २ | २ | १० | ३३.३३ |
| बेरोजगारी | २ | २ | २ | १ | ७ | २३.३३ |
| साथिभाइको देखासिकी | १ | १ | १ | १ | ४ | १३.३३ |
| ऋण तिर्ने | २ | ३ | २ | २ | ९ | ३० |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका न १५ अनुसार वैदेशिक रोजगारप्रतिको आकर्षण सम्बन्धमा विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न हुनका लागी आर्कषण तत्व र विर्कषण तत्वले प्रभाव पारेको हुन्छ । आर्कषण तत्वहरु जस्तै रोजगारको सुविधा, बढि तलब, कामको मुल्यांकन, आदि हुन भने विर्कषण तत्वहरु रोजगारीका अवसर कम, गरिबि, वेरोजगारी, ऋण लाग्नु, साथिभाईको देखासिकी आदि हुन । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न ३० जना सहभागी मध्ये तुलनात्मक रुपमा हेर्दा सबैभन्दा बढि ३३.३३ प्रतिशत गरिबिको कारणले नै विदेश गएको पाईयो । अध्ययन क्षेत्र एक भौगोलिक रुपले विकट पहाडि जिल्ला, दन्दको प्रभाव परेको, उर्वर भुमिको अभाव, राज्यको पँहुचबाट टाढा रहेको हुँदा यँहाका बासिन्दा गरिबिको कारण पनि बैदेशिक रोजगारमा संलग्न रहेको पाईयो । त्यस्तै ऋण तिर्न ३० प्रतिशत बैदेशिक रोजगारमा संलग्न रहेका छन । मानिसहरु आफना दैनिक आवश्यकताहरु परिपुर्ति गर्ने ऋण लिने गरेको र त्यहि ऋण बढदै जाँदा तिर्न नसक्ने अवस्था हुँदा विदेशिनु परेको छ । बेरोजगारीको कारण २३.३३ प्रतिशत बैदेशिक रोजगारमा संलग्न रहेका छन स्वदेशमा आफनो सिप योग्यता क्षमता अनुसारको काम नपाँउदा जिवन धान्न गाह्रो भएकोले जानुपरेको छ भने कतिपय साथिभाईको देखासिकि गरेर जाने १३.३३ प्रतिशत कमाई गर्नेका लागि वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । यसबाट के स्पष्ट हुन्छ भने वैदेशिक रोजगारप्रति आकर्षण नभई

गरिबिको कारण आफनो घरपरिवारको पालनपोषणमा कठिनाई भएको कारण वैदेशिक रोजगारमा जाने गरेको भन्न सकिन्छ ।

यसैगरी तालिका नं १६ मा वैदेशिक रोजगारमा पुन जाने सम्भावना छ वा छैन भन्ने कुरा लाईमा प्रस्तुत गरिएको छ ।

**तालिका नम्वर- १६ वैदेशिक रोजगारमा पुनः जाने सम्भावना सम्बन्धि विवरण**

| विवरण | मगर | क्षेत्री | बाहुन | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पुन जान चाहान्छु | २ | २ | २ | २ | ८ | २६.६६ |
| यसबारे केहि सोचेको छैन | ३ | २ | ३ | २ | १० | ३३.३३ |
| देशमा रोजगार पाए नजाने | ३ | ५ | २ | २ | १२ | ४० |
| जम्मा | ८ | ९ | ७ | ६ | ३० | १०० |

स्रोत - स्थलगत सर्वेक्षण २०७८

तालिका न १६ अनुसार वैदेशिक रोजगारबाट फर्किएका सहभागीहरु लाई पुनः जाने सम्भावना छ वा छैन भन्ने कुराको विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न ३० जना सहभागी मध्ये सबै भन्दा बढी ४० प्रतिशत देशमा रोजगार पाए जान्न भन्ने देखियो त्यस्तै पुन जान चाहान्छु भन्ने २६.६६ र यसबारे केहि सोचेको छैन भन्ने ३३.३३ पतिशत रहेका छन । यसबाट के बुझन सकिन्छ भने तलब र सुविधा बढी भएकाले पुनः जान चाहने र तलब र सुविधा कम भएकोले स्वदेशमा नै रोजगार पाए नजाने बताए । स्वदेशमा नै रोजगारीको अवस्था सिर्जना हुन सकेमा वैदेशिक रोजगारमा जानेको संख्या कम हुने बताए ।

## ५.९ वैदेशिक रोजगारको सम्बन्धमा समाजले मुल्याङकन गरेको धारणा

वैदेशिक रोजगारको सम्बन्धमा समाजले मुल्याङकन गरेको धारणा अध्ययन गर्दा अध्ययन क्षेत्रका सहभागिहरुको धारणा अनुसार आर्थिक पक्षलाई नियालेर सकारात्मक भएको बताए । वैदेशिक रोजगारले समाजलाई कुन दिशातर्फ लगिरहेको छ भनि हेर्दा र यस विषयमा छलफल गरी धारणा बुझने प्रयास गरिएको थियो । जसमा धेरै सहभागिहरुले यस वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित बनाउनु पर्दछ भन्ने धारणा व्यक्त गरेको पाईयो । जस्तो सुकै काममा पनि सिप, योग्यता, क्षमताको आधारमा निश्चित देशमा कामदारलाई अनुमती दिनुपर्दछ र सरकार पनि यसप्रति उतरदायी भई प्रक्रियागत र कानुनी रुपमा जाग्नुपर्ने धारणा व्यक्त गरेका छन ।

यस प्रकार वैदेशिक रोजगारको आम्दानिले आर्थिक स्थितिमा केही मात्रामा सुधार ल्याएकोले सकारात्मक धारणा राखेको पाईयो । आर्थिक पक्ष र सामाजिक पक्षको सम्बन्ध निकै घनिष्ट

हुने भएकाले आर्थिक पक्षमा सुधार आएपछी सामाजिक सम्बन्धमा सकारात्मक परिवर्तन आउँदछ भन्ने सहभागिहरुको धारणा रहेको पाईयो ।

# अध्याय ६

# अध्ययनको सांराश र निष्कर्ष

## ६.१ अध्ययनको सांराश

वैदेशिक रोजगार र यसले समाजमा ल्याएको परिवर्तन सम्बन्धि विश्लेषण गर्नेका लागि रुकुम जिल्लाको  चौरजहारी नगरपालिका वडा नं १० खोलागाँउमा यो अध्ययन गरिएको छ। यस अध्ययनको लागी बैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न समस्या लाई उठान गरिएको छ। वैदेशिक रोजगारमा संलग्न परिवार रोजगारीमा जानु अघि र गईसकेपछीको आर्थिक सामाजिक अवस्था कस्तो छ। वैदेशिक रोजगारमा जाने कामदारको उमेर, शैक्षिक अवस्था बिश्लेषण गरिएको छ।  यहाँ वैदेशिक रोजगारमा संलग्न भएका नेपाली कामदारहरुको विषयमा मात्र विश्लेषण गरिएको छ। यो निम्न उदेश्य राखी तयार गरिएको छ।

- अध्ययन क्षेत्रका मानिसहरु बैदेशिक रोजगारीमा जाने कारणहरुको खोजी गर्नु।
- बैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक तथा आर्थिक परिवर्तनको व्याख्या गर्नु।

अध्ययनको उदेश्यको आधारमा तयार पारिएका प्रश्नमा आधारित भएर वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारसँग विविध अनुसन्धान विधि, घरधुरी सर्वेक्षण, प्रश्नावली, अन्तवार्ता, तथा वैयक्तिक अध्ययन गरी तथ्यांक संकलन गरी विश्लेषण गरिएको छ।

यस अध्ययन क्षेत्रमा सबैभन्दा बढी जनसंख्या मगर त्यसपछी क्षेत्रि, बाहुन, र दलित क्रमश रहेको छ यसबाट वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारहरुमा सबै जातजातिको संलग्नता रहेको पाईयो।  लैगिंक रुपबाट हेर्दा ३० जना सहभागीहरुमा सबै पुरुष मात्र वैदेशिक रोजगारमा संलग्न भएको देखियो। यसरी पुरुषहरु मात्र वैदेशिक रोजगारमा संलग्न भएको र महिलाहरु कति पनि नजानुले समाजमा व्यापत पितृसतात्मक सोच महिलाहरु घरको मात्र काम गनुपर्छ भन्ने भावना हुनु लाई नै लिन सकिन्छ। जसले गर्दा घरमा बुढाबुढी, आईमाई बालबच्चा मात्र भएकाले महिलाहरुमाथी दोहोरो जिम्मेवारी थपिन गई घरभन्दा बाहिरको काम पनि महिलाहरुले नै गर्ने गरेको पाईन्छ। जसले गर्दा समाजमा लैङ्गिक विभेद कम भएको देखिन्छ।

यसरी उमेरगत हिसाबले पनि अध्ययन क्षेत्रका सक्रिय उमेर समुहका युवाहरु बढीमात्रामा रोजगारमा संलग्न रहेको पाईन्छ। जसले गर्दा घरमा बुढाबुढी, आईमाई बालबच्चा मात्र

भएकाले गाँउमा मर्दा पर्दा, बाटो कुलो जस्ता सामाजिक काम गर्ने मानिसको अभाव रहेको छ ।

वैदेशिक रोजगारमा संलग्नहरु के कारणले बैदेशिक रोजगारप्रति आर्कषण भए भन्ने कुराको विश्लेषण गर्दा सबैभन्दा बढी गरिबिको कारण, ऋण तिर्नेको लागी, बेरोजगारीको कारण ले नै बैदेशिक रोजगारमा जानुपरेको बताए । यसबाट के स्पष्ट हुन्छ भने देशमा रोजगारीका अवसर, भए देश भित्रै रोजगारी गर्न घरपरिवारबाट टाढा भई बाध्यताले गर्दा जान'परेको देखियो । यसबाट वैदेशिक रोजगारीमा जानुको मुख्य कारण आफनो योग्यता र क्षमता अनुसारको काम नपाउनु र गरिबि बेरोजगारी नै हो भन्न सकिन्छ । वैदेशिक रोजगारबाट प्राप्त आम्दानिले सहभागीहरुको परिवारको आर्थिक अवस्थामा सुधार आई सामाजिक सम्बन्धमा पनि सुधार आएको देखिन्छ ।

त्यस्तै घरको बनावटलाई विश्लेषण गर्दा सबै भन्दा बढी दुवै मिश्रित घर सबैभन्दा बढी रहेको र कच्ची घर दोस्रोमा र सबैभन्दा कम पक्कि घर भएको देखियो । तसर्थ घरको वनावटले पनि वैदेशिक रोजगारमा संलग्न सदस्य गएको देश, कमाई, समय र परिवारको स्तर आदीको निर्धारण गर्दछ । यसबाट के स्पष्ट हुन्छ भने खासगरी मध्ययम परिवारका व्यक्तिहरु खाडी मलुक मा गएर रोजगार गर्ने गरेको देखिन्छ ।

वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको शैक्षिक विवरणलाई हेर्दा सबैभन्दा बढी एस एल सी वा सो सरह र सबैभन्दा कम प्लस टु वा सो भन्दा माथिका गएको पाईयो भने निरक्षर कोहि पनि नगएको पाईयो । यसले के देखाउदछ भने एस. एल.सी पछाडी पढनको लागी खर्चको अभाव गरिवि को कारण धेरै युवाहरु विदेश पलायन भएको र प्लस टु पास गरिसके पछी पनि आफनो योग्यता र क्षमता अनुसारको रोजगार र तलब सुविधाको अभाव नेपालमा भएको कारण वैदेशिक रोजगारमा संलग्न भएको देखियो ।

वैदेशिक रोजगारमा संलग्न घरपरिवारको बालबालिकाको शैक्षीक अवस्थालाई हेर्दा वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी सरकारी स्कुलमा अध्ययन गराएको र वैदेशिक रोजगारमा संलग्न भएपछी आम्दानिमा सुधार आएकोले तुलनात्मक रुपमा सबैजसो घरपरिवारको बालबालिका निजि स्कुलमा पढाउन शुरु गरेको बताए । यसले गर्दा बैदेशिक रोजगारमा संलग्न भएपछी आफनो बालबालिकाको शिक्षामा सुधार आएको बताए ।

वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशागत विवरणलाई हेर्दा सबैभन्दा बढी कृषि, अध्ययन र बेरोजगार भई बसेका यहाँ ज्याला मजदुर गर्ने आफनो योग्यता र क्षमता अन’सारको काम नपाएका गरिबिको चपेटामा परेका, विभिन्न पेशामा सलग्न भएपनि त्यस पेशाको आम्दानीले आफनो परिवारको पालन पोषणमा समस्या भएका व्यक्तिहरु नै बैदेशिक रोजगारमा गएको बताए ।

वैदेशिक रोजगारमा संलग्न भएपछी भने त्यसबाट कमाएको आम्दानीले प्राय व्यापार व्यवसाय गर्नेको संख्यामा वृद्धि भएको देखियो । जग्गा जमिन जोडेको कुनैले बजारमा घडेरी समेत जोडेको देखियो । वैदेशिक रोजगारमा संलग्न भएपछी आम्दानिमा वृद्धी भएकोले पेशामा पनि परिवर्तन भएको देखिन्छ ।

वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोगलाई विश्लेषण गर्दा सबैभन्दा बढी घर बनाउने बालबच्चाको शिक्षा दिक्षा, स्वास्थ्य उपचार,दैनिक आवश्यकताहरु परिपुर्ति गर्ने कार्यमा  खर्च गरे भन्ने देखियो । त्यस्तै व्यापार व्यवसायमा लगानी गरेको घर मर्मत कार्य नयाँ राम्रो घर बनाउने कार्यमा खर्च भएको देखियो । समग्रमा सहभागीहरुको भनाईको आधारमा अल्पकालिन रुपमा भए पनि वैदेशिक रोजगारले उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याई सकारात्मक परिर्वतन भएको बताए । वैदेशिक रोजगारबाट कमाएको पैसाले मोबाईल ,ल्यापटप, टि.भि. आदि ल्याउनुका साथै कहिले जग्गा जमिन किनेको घर बनाएको र ऋण तिरेको बताए । जसले गर्दा आर्थिक अवस्थामा सबल भएपछि सामाजिक सम्बन्धमा सुधार आएको छ भनी बताए । वैदेशिक रोजगारबाट प्राप्त आम्दानिले सहभागीहरुको परिवारको आर्थिक अवस्थामा सुधार आई सामाजिक सम्बन्धमा पनि सुधार आएको देखिन्छ ।

बैदेशिक रोजगारबाट फर्किएका सहभागीहरुलाई पुन जाने संभावना सम्बन्धी विश्लेषण गर्दा सवैभन्दा बढी स्वदेशमा रोजगार पाए जान्न भन्ने भेटिए भने सबै भन्दा कम यस बारेमा केहि सोचेको छैन भन्ने भेटिए । तसर्थ स्वदेशमा रोजगारको अवस्था सृजना गर्न सकेमा वैदेशिक रोजगारमा जानेको संख्यामा कम गर्न सक्ने बताए ।

वैदेशिक रोजगारमा पुन जाने कारण सम्वन्धी विश्लेषण गर्दा सबैभन्दा बढी गरिबिको कारण र बेरोजगारी को कारण जानुपर्ने वाध्यता भएको देखियो भने सबैभन्दा कम साथीभाई गएको देखेर धेरै कमाई गर्ने भन्ने देखियो त्यसकारण वैदेशिक रोजगारमा जानुको प्रमुख कारण देशमा

रोजगारको अवसर नहुनु, योग्यता अनुसारको तलब नपाउनु, र गरिबिको कारण भन्ने देखियो ।

## ६.२ अध्ययनको निष्कर्ष

देशमा रोजगारीको अवसर प्रयाप्त मात्रामा नभएको कारण वैदेशिक रोजगारलाई वैकल्पिक माध्ययमको रुपमा लिईएको हो । जसले वैदेशिक रोजगारमा संलग्न परिवारहरुको आर्थिक अवस्थामा सुधार ल्याई सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको देखिन्छ । अध्ययनको उदेश्य अनुरुप सहभागीहरुले दिएको सुचनाको आधारमा यस शोधपत्रको निष्कर्षलाई तल उल्लेख गरिएको छ ।

अध्ययनका क्रममा ३० घरधुरीलाई नमुना छनोटका रुपमा लिईएको छ । अध्ययन क्षेत्रका मानिसहरु के कारणले वैदेशिक रोजगारमा जाने गर्दछन, वैदेशिक रोजगारमा जानु अघी र वैदेशिक रोजगारबाट फर्किसकेपछी उनिहरुको घरपरिवारका साथै व्यक्तिमा आएको परिवर्तन र वैदेशिक रोजगारले आर्थिक सामाजिक पक्षमा ल्याएको परिवर्तन लाई यस अध्ययनमा विश्लेषण गर्ने खोजिएको हो । वैदेशिक रोजगारमा  संलग्न व्यक्ति तथा परिवार वैदेशिक रोजगारमा संलग्न हुनका लागी के कारणले प्रभाव पार्दछ । वैदेशिक रोजगारमा प्रभाव पार्न आर्कषण तत्व र विकर्षण तत्वहरु के के हुन । देशमा गरिबि, बेरोजगार, रोजगारीका अवसरहरुको कमि, आफनो योग्यता अनुसारको काम नपाउँनु, रोजगार पाए पनि सेवा सुविधा र तलब भक्ता न्युन भएर अत्याआवश्यक कुराहरु गाँस, बाँस र कपासको जोहो गर्न नसक्नु, बालबच्चालाई शिक्षा, स्वास्थ्य औषद्योउपचारमा समस्या जस्ता कारणहरुले गर्दा मानिसहरु वैदेशिक रोजगारलाई वैकल्पिक रोजगारको रुपमा लिने गरेको पाईयो ।

वैदेशिक रोजगारमा जानु अघी अध्ययन क्षेत्रका मानिसहरुको घरपरिवारमा खाना को लागी समस्या हुने गरेको बर्षभरी खाना नपुग्ने भए पनि वैदेशिक रोजगारमा संलग्न भएपछी प्रायको त्यो समस्या हटेको देखियो । त्यस्तै परिवारको लालनपालन, कपडा, औषद्योउपचारमा रहेको समस्या पनि हटेको पाईयो । पहिले बालबच्चालाई सरकारी स्कुलमा पढाँउन पनि गाह्रे भएकोमा हाल धेरै जसो आफनो बालबच्चा लाई वोर्डिङ्ग स्कुलमा पढाउने गरेको देखियो । परिवारको आर्थिक स्थितीमा सुधार, कोहिले बजारमा जग्गा किनेर त्यसमै व्यापार गरेर बसेको पनि पाईयो । धेरैले घरलाई मर्मत गरेर राम्रो बनाएको छन भने कोहिले पक्कि घर पनि बनाएको पाईयो । विदेश गएर आएपछी आफनो व्यक्तित्वमा पनि विकास भएको बताए । विदेश गएर कमाएको रकमले नेपालमै व्यवसायिक तरकारी खेती, गरेर मन्नये आम्दानी गरेको

पनि बताए । कुनै पनि काम मन लगाएर अनुशासित भएर गर्नुपर्न कुरा पनि सिकेर आएको बताए । त्यस्तै विदेशमा गएर कुक, इलोक्टोनिक काम सिकेर आएको पनि बताए । र हाल विदेशमा सिकेको कामलाई सदुपयोग गरेर व्यापार गरेको पनी बताए । वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा पहिले को ऋण को तनाव, पेटभरी खाना नपाईने, नयाँ कपडा लगाउन नपाउने, जस्ता समस्या हरु हाल हटेर गएको बताए ।

समग्रमा के बुझ्न सकिन्छ भने वैदेशिक रोजगारमा गएपछी परिवारको आर्थिक स्थितिमा सुधार आएको छ । तरपनि विदेशबाट कमाएको पैसा मोवाईल, ल्यापटप, लताकपडा, किनेर फेरी विदेशमा नै जाने गरेको पाईयो । तसर्थ वैदेशिक रोजगार दिर्घकालिन बेरोजगार सामाधान भने होईन भन्न सकिन्छ । त्यस्तै वैदेशिक रोजगारबाट फर्किएपछी कतिपयले फेरी पनि कृषि पेशा नै अपनाउनु परेको कृषि पेशा गर्न पनि अझै बैज्ञानिक प्रविधि मलखादको अभावको कारण राम्रो उत्पादन गर्न नसकेको गुनासो गरे । कोहि बेरोजगार भएरै बस्नुपर्ने र कोहिले पुरानै पेशा अँगाल्नुपर्ने जस्ता समस्याले गर्दा बैदेशिक रोजगारीले दिर्घकालिन रुपमा समस्या सामाधान नगर्ने बिदेशमा बसुन्जेल मात्र केहि आयस्रोतको माध्यम भएतापनि फर्केर आएपछी के काम गर्ने भन्ने अन्यौल रहेको देखियो । तर पनि वैदेशिक रोजगारले अल्पकालिन भएपनि आर्थिक सुधार भएको भन्न सकिन्छ ।

त्यस्तै वैदेशिक रोजगारले सामाजिक परिर्वतन पनि भएको पाईन्छ । समाजमा हेर्ने दृष्टिकोणमा परिवर्तन भएको छ । पहिले गरिव भनेर हेप्ने गरेको ले पनि अहिले गाँउमा चाँहिएको बेला सरसापट चलाउने, राम्रो लताकपडा लगाउने, बच्चा बच्चीलाइ राम्रो विद्यालयमा पढाँउने र मिठोमसिनो खान सक्ने भएकोले समाजमा मान सम्मान, इज्जत पनि कायम रहेको देखियो जसले गर्दा सामाजिक सम्बन्धमा पनि सुधार आएको भन्न सकिन्छ । वर्तमान समयमा वैदेशिक रोजगारमा जाने प्रचलन वृद्धि हुदै गईरहेको छ युवा जनशक्ति कामको खोजिमा विदेशिदै जानले गाँउमा सक्रिय जनशक्तिको अभाव रहेको देखिन्छ । अशक्त, महिला, बुढाबुढी र बालबच्चा मात्र गाँउमा हुँनाले विरामी पर्दा औषधिउपचारका लागि अस्पताल सम्म लिन समेत सकस भएको देखिन्छ । त्यस्तै विवाह, मृत्य, धार्मिक, सामाजिक तथा सांस्कृतिक कार्यक्रम जस्ता संस्कारमा युवाहरुको अभाव देखिन्छ । तसर्थ यस्ता कार्यमा महिलाहरु नै सरीक हुनुपर्न बाध्यताले गर्दा महिलाहरुको जिवनशैलिमा समेत परिर्वतन भएको छ । सधै घरको काममा मात्र सिमित रहने महिला दिदि बहिनिहरु घरबाहिरको काममा पनि सक्रिय हुन पाउदा एकतिर महिला खुसि पनि छन महिला सशक्तिकरण पनि भएको छ भने अर्का तिर

घर भित्रको काम पनि आफैले गर्नपर्ने र बाहिरको काम पनि आफै गर्नुपर्दा कामको बोझ झन थपिएको छ । जे भए पनि बैदेशिक रोजगारले महिलाहरुको भुमिकामा परिवर्तन गरेको छ ।

त्यस्तै बैदेशिक रोजगारले अध्ययन क्षेत्रमा विश्व बजारमा पाईने बस्तुहरु मोबाईल, घडी, टेलिभिजन, मोटरबाईक, विदेशि लताकपडाहरुको प्रयोग बढदै गएको देखिन्छ । जसले विश्वव्यापिकरणलाई त अँगालेको पाईन्छ नै तर विदेशमा गएर कमाएको पैसा विदेशमा नै फर्किएको पाईन्छ । जसको कारण बैदेशिक रोजगारले परनिर्भरताको स्थिति सिर्जना गरेको देखिन्छ । स्थानिय क्षेत्र अथवा पृष्ठ क्षेत्रमा युवा जनशक्तिको अभावका कारण विकास निर्माण उल्लेख्य रुपमा हुन सकेको छैन । स्थानिय स्तरमा विकासका सम्भावनाहरु प्रशस्त भएता पनि नाफामुलक उत्पादन हुन नसक्नु र आर्थिक वृद्धि नहुनुको कारण युवा जनशक्तिहरु वैदेशिक रोजगार प्रति आकर्षण बढदै गएको छ ।

# सन्दर्भग्रन्थसूची

केन्द्रीय तथ्यांक विभाग, (२०६८), *नेपाल जिवनस्तर सर्वेक्षण,* २०६६/२०६७, केन्द्रीय तथ्यांक विभाग, थापाथली काठमान्डौ,

गौतम, मित्रलाल, (२०५८), *वैदेशिक रोजगार र यसको प्रभाव:* एक अध्ययन, शोधपत्र समाजशास्त्र/ मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

के.सी, नवराज (२०६६), *नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्न सक्ने भुमिका,* काठमान्डौ, वैदेशिक रोजगार पत्रकार संघ ।

दाहाल ,गणेश (२०६६) *वैदेशिक रोजगारका विविध पक्षहरु,* प्याराडाईज इन्टरनेशनल प्रा. लि नयाँ बानेश्वर ।

केन्द्रीय तथ्यांक विभाग, नेपालमा गरिबी,(२०६८) *प्रारभिक नतिजा थापाथली काठमान्डौ* केन्द्रीय तथ्यांक विभाग ।

कानुनी किताब व्यवस्था समिति, नेपाल सरकार *वैदेशिक रोजगार विभाग ऐन, २०४२,२०६४* कानुनी किताब व्यवस्था समिति, बबरमहल, काठमान्डौ ।

पोखरेल, नारायणदत्त (२०५७), *वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव :एक अध्ययन,* शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

पण्डित, सुर्यकुमार (२०६५), *नेपालमा वैदेशिक रोजगार, काठमान्डौ* : वैदेशिक रोजगार पत्रकार संघ ।

नेपाल सरकार, श्रम ऐन, २०६४, *श्रम तथा रोजगार मन्त्रालय,* वैदेशिक रोजगार विभाग ।

नेपाल सरकार, रोजगार निति, २०७४, *श्रम तथा रोजगार मन्त्रालय,* सिंहदरवार काठमाण्डौ नेपाल ।

चौरजहारी नगरपालिका, जानकारीमुलक पुस्तिका, २०७८, *चौरजहारी नगरपालिका,* रुकुम पश्चिम ।

RitzerG.(1992),Sociological Theory,New York Mac-Gre Hill International, www. baidesikrojgar.com.np.

Foreign Employment Sector Promotion Board,www.fepb.gov.np,1/2012: 1/downlodefile/recognized 20% country 20120420021555 pdf.

Bhattrai, Prakash, (2005), Migration of nepalies youth for forigen Employment problem and Prospective , A Review of Existing government policies and problems Supported by *Youth Action Nepal /YOAC)* Sipal Kathmandu , Nepal. (WWW.ceslam.org).

Gautam T.R. (2005), Causes of impact of migration A Sociological Study of Emigration from Kadhebash , baglung Nepal, *Dhaulagiri Journal of Sociology and anthropology*. 1,146-163(www.Nepjol.INfo article) .

Khatri G.S. (2011) *Effect of international Lobur Migration on social Relationsship*. A study on migrant households from village in western Nepal submitted in center Department of sociology T.U. Kirtipur.

# बैदेशिक रोजगार र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिवर्तन सम्बन्धी शोधपत्र तयारीको लागि तयार गरिएको प्रश्नावलीका नमुना

## अनुसची १

बैदेशिक रोजगारमा संलग्न व्यक्तीका परिवारका लागी तयार गरिएको प्रश्नावली

उतरदाताको नामः

परिवार संख्याः मिति :

धर्म : जात :

गा.वि.स. वडा नं.

| क.स. | घरपरिवारको नामावलि | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|---|
| | | | | | |

**आर्थीक क्षेत्र**

१) तपाईको मुख्य पेशा के हो ?

क) कृषि ख) व्यापार ग) नोकरी घ) मजदुरी

२) यो पेशामा कहिलेदेखी संलग्न हुनुभएको हो ?

३) तपाईको जग्गा जमिन छ कि छैन ?

क) छ ख) छैन

यदी छ भने तपाईसँग जग्गा जमिन कती छ ?

क) ० देखी ५ रोपनी सम्म ख) ५ देखि १० रोपनी सम्म ग) १० रोपनि भन्दा माथी

४) आफनो जग्गाको उब्जनिले खान पुग्छ ?

क) पुग्छ ख) पुग्दैन

यदी पुग्दैन भने वर्षमा कति महीना पुग्दैन ?

४) त्यसो भए तपाईले कसरी जिवनयापन गरिरहनु भएको छ ?

क) ज्यालामजदुरी गरेर ख) व्यापार व्यवसाय गरेर

ग) अरुको जमिन अधिया लाएर घ) अन्य

५) तपाइले आफनो जमिन अरुलाई लगाउन दिनु भएको छ ?

क) छ ख) छैन

६) तपाईको जग्गा जमिन कुन प्रकारको रहेको छ ?

क) सिँचाई भएको ख) सिँचाई नभएको

तपाई को जग्गामा के के उत्पादन गर्नुहुन्छ ?

क) धान ख) मकै

ग) तरकारी घ) फलफुल ङ) अन्य

७) घरको लागी मात्र उत्पादन गर्नुहुन्छ कि बेच्नको लागी पनि ?

क) घरको लागी मात्र ख) बेच्नको लागी पनि

यदि बेच्नु हुन्छ भने तपाँईको बार्षिक आम्दानि कति हुन्छ ?

८) बैदेशिक रोजगारले तपाईको परिवारको सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको छ ?

क) ल्याएको छ ख) ल्याएको छैन

यदि ल्याएको छ भने कुन कुन कुरामा परिवर्तन ल्याएको छ ?

# अनुसुची २

## बैदेशिक रोजगारमा संलग्न व्यक्तीका परिवारका लागी तयार गरिएको प्रश्नावली

उतरदाताको नामः

परिवार संख्याः मिति :

धर्मः जात :

गा.वि.स. वडा नं.

| क्र.स. | घरपरिवारको नामावलि | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|---|
| | | | | | |

१) बैदेशिक रोजगारमा जानु अघिको मुख्य पेशा के थियो ?

क) कृषि ख) अध्ययन ग) मजदुरी

घ) ड्राइभिङ्ग न) बेरोजगार च) अन्य

यो पेशा बाट तपाई कती कमाउनु हुन्थ्यो ?

तपाइको आम्दानीले खर्च पुग्थ्यो ?

२) घरको किसिम (अवलोकनबाट )

क) कच्ची ख) पक्की ग) मिक्स (दुवै )

३) तपाईले बैदेशिक रोजगारमा जाने प्रेरणा कसरी पाउनु भयो ?

क) घरपरिवारको सल्लाहले ख) गरिबिको कारणले

ग) साथीभाई गएको देखेर घ ) धेरै कमाई गर्नका लागी

४)  तपाई यस पेशा प्रति सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट छू                          ख) सन्तुष्ट् छैन

यदी सन्तुष्ट भए किन हुनुहुन्छ ?

यदि सन्तुष्ट नभए किन हुनुहुन्न ?

५) तपाइको घरमा यातायातको साधन के के छ ?

क) साइकल   ख) मोटरसाईकल   ग) ट्याक्टर   घ) अन्य

६) तपाईको घरमा सञ्चारको साधन के के छ ?

७) तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछी परिवारमा के के कुरामा परिवर्तन भएको छ ?

आर्थिक परिवर्तनमा के के परेको छ ?

क) उत्पादन                ख) उपभोग                ग) खर्च            घ) अन्य

सामाजिक सम्बन्धमा के के परिवर्तन भएको छ ?

क) शिक्षा                ख) जातजाती                ग) धर्म

घ) उमेर                ङ) लैगीक                च) अन्य

८) तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछी कमाएको पैसाले के गनुभयो ?

क) ऋण तिरे                ख) घर बनाए                ग) जग्गा किने

घ) व्यापार गरे            ङ) अन्य

९) वैदेशिक रोजगारले तपाईको परिवारको आर्थिक स्थितीमा सुधार ल्याएको छ ।

क) सुधार ल्याएको छ            ख) उस्तै छ            ग) झन बिग्रिएको छ ।

## सामाजिक क्षेत्र

१) तपाईको कती जना छोराछोरी बैदेशिक रोजगारमा गएका छन ?

| छोरा छोरी | संख्या | देश |
|---|---|---|
| छोरा | | |
| छोरी | | |

२) तपाईको छोराछोरीलाई कस्तो प्रकारको स्कुलमा पढाउनु भएको छ ?

क) सरकारी स्कुल ख) निजी स्कुल ग) सामुदायिक स्कुल

तपाईको छोरालाई कस्तो स्कुलमा पढाँउनु भएको छ ?

तपाईको छोरिलाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

३) तपाईको परिवारको सदस्य बैदेशिक रोजगारमा संलग्न भएपछी छोराछोरीको शैक्षिक अवस्थामा परिवर्तन आएको छ ?

क) छ ख) छैन

यदी छ भने के कुरामा परिवर्तन गर्नुभएको छ ?

यदी छैन भने के कुरामा परिवर्तन गर्नुभएको छैन ?

५) तपाई समाजमा हुने सामाजिक क्रियाकलाप (विकास निर्माणमा) सहभागी हुनुहुन्छ ?

६) वैदेशिक रोजगारमा जानुपर्ने मुख्य कारण के हो ?

७) वैदेशिक रोजगारमा जानको लागी तयारी समय कती लाग्यो?

८) बैदेशिक रोजगारमा जानको लागी तपाई को मार्फत जानुभयो ?

९) बैदेशिक रोजगारमा जानको लागी लागत (खर्च) कती लाग्यो ?

१०) खर्च कसरी जुटाउनु भयो ?

११) तपाइले वैदेशिक रोजगारबाट कुनै भाषा वा सिप सिकेर आउनु भएको हो ?

क) हो ख) होईन

यदि हो भने कुन सिप सिकेर आउनु भयो ?

त्यो सिप नेपालमा काम लाग्यो ?

क) लाग्यो ख) लागेन

१३) पहिला कुन देश गएर आउनु भएको हो ?

क) मलेशिया ख) साउदी अरब ग) कतार

घ) दुवई ङ) कुबेत घ) अन्य

१५) तपाइको बैदेशिक रोजगारमा वार्षिक आम्दानी कती हुन्थ्यो ?

१६) वैदेशिक रोजगारमा गएपछी तपाईको परिवारको स्थितिमा परिवर्तन आएको छ ?

क) परिवर्तन आएको छ ख) परिवर्तन आएको छैन

१७) यदि परिवर्तन भएको भए के परिवर्तन आएको छ ? बताउनुहोस ।

१८) तपाई बैदेशिक रोजगारबाट किन फर्कनु भएको हो ?

क) काम सकिएर ख) काम गाह्रो भएर

ग) तलब सुविधा राम्रो नभएर घ) पुनः जाने विचारले छुटटी लिएर

१९) वैदेशिक रोजगारबाट कमाएको पैसाले के गर्नुभयो ?

क) ऋण तिरे ख) जग्गा किने

ग) घर बनाए घ) अन्य

२०) वैदेशिक रोजगारबाट फर्किएपछी हाल के गर्दै हुनुहन्छ ?

क) कृषि ख) व्यापार ग) नोकरी

घ) मजदुरी न) बेरोजगार च) अन्य

२१) वैदेशिक रोजगारमा पुनः जान चाहानुहुन्छ ?

क) पुनः जान चाहान्छु ख) पुनः जान चाहान्न

ग) स्वदेशमा रोजगार पाए जान्न घ) केही सोचेको छैन

२२) स्वदेशको भन्दा विदेशको आम्दानी बढी भयो कि ?

क) आम्दानी बढी भयो ख) आम्दानी उस्तै भयो

ग) आम्दानी झन घटयो ।

२३) वैदेशिक रोजगारले तपाईको परिवारको आर्थीक स्थितीमा सुधार आएको छ ?

क) सुधार आएको छ । ख) उस्तै छ ग ) झन खराब भएको छ

यदि सुधार आएको छ भने के के कुरामा सुधार आएको छ ।

२४) बैदेशिक रोजगार पछी तपाइलाई समाजले हेर्ने दृष्टि्कोणमा परिवर्तन आएको छ ?

क) परिवर्तन आएको छ ख )परिवर्तन आएको छैन

यदि छ भने के के परिवर्तन आएको छ ?

२५) तपाई सामाजिक कार्य ( विकास निर्माणमा )मा कतिको सहभागी हुनुहुन्छ ?

क) हुन्छु ख ) हुदिन

२६) तपाई पहिलादेखि नै विकास निमार्णको कार्यमा सहभागी हुदै आउनु भएको हो ?

क) पहिला देखि नै हो ग) भर्खरै बाट हो

यदी भर्खरै सहभागी हुनुभएको हो भने के कारणले सहभागी हुनुभएको हो ?

२७) वैदेशिक रोजगारमा संलग्न अघी तपाईको परिवारलाई समाजमा कसरी हेरिन्थ्यो ?

२८) वैदेशिक रोजगारमा संलग्न पछी तपाईको परिवारलाई समाजमा कसरी हेरिन्छ ?

२९) तपाइले वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अघी सामाजिक कार्य ( विकास निमार्ण ) गर्ने खर्च कसरी जुटाउनु हुन्थ्यो ।

क) ऋण लिएर ख) आफनो बचत ग) अन्य

अहिले ति सामाजिक खर्च कसरी जुटाईरहनु भएको छ ?

क) आफनो कमाई ले ख) विदेशको् कमाईले

ग) बचत रकम बाट घ ) अन्य

३०) तपाई अहिले सरसापट दिन सक्ने हुनुभएको छ ?

क) छ ख) छैन

यदि दिन सक्ने हुनुभएको भए के कारणले भएको हो

३१) तपाई ले बैदेशिक रोजगारपछी धर्म परिवर्तन गर्नु भएको छ ?

क) हो ख) होईन

यदि हो भने कुन धर्म परिवर्तन गर्नुभएको छ ?

## अनुसुची ३

१ वैदेशिक रोजगारप्रती आर्कषण बढनाको कारणहरु के के होलान ?

२ वैदेशिक रोजगारले आर्थीक स्थितीमा के कस्तो परिवर्तन ल्याएको छ ?

३ वैदेशिक रोजगारमा जाने प्रक्रीया कस्तो रहेका् छ ?

४ वैदेशिक रोजगारले सामाजिक सम्बन्धमा कस्तो परिवर्तन ल्याएको छ ?

५ बैदेशिक रोजगार सम्बन्धी तपाईको सल्लाह सुझाव केही छ भने बताईदिनुहोस ।